मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



Vacancy
1. Computer Teacher-2
2. Receptionist -2
Full time / Part time

Qualification: +2 passed

SCT
contact no:
9841543977, 9808751482



वर्ष : २६ ★ अङ्क : ६९ ★ ने. सं. ११४४ चिल्ला गा, सप्तमी ★ सोमबार ★ १९ चैत, २०८० ★ April 1, 2024, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# कामदारवर्गको मुक्तिको साहित्य कामदारवर्गले नै लेख्न जरूरी




ललितपुर, १८ चैत । ललितपुरको महालक्ष्मी न.पा. ६ थसि देवननी टोलमा तेस्रो नेपालभाषा साहित्य त:मुंज्या शनिबार सम्पन्न भयो ।

नेपालभाषा साहित्य त:मुंज्या यलको आयोजनामा भएको उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले साहित्य राजनीतिको हतियार भएको चर्चा गर्दै भन्नुभयो, "कामदारवर्गको मुक्तिको साहित्य कामदारवर्गले नै लेख्न जरूरी छ । रूसका गोर्की, चीनका लु सुन, भारतका राहुल साँकृत्यायनले कामदारवर्गको सङ्गठनमा बसेर साहित्य लेख्नुभएको थियो ।"

"नेपालमा १२५ भन्दा बढी भाषाभाषी छन् । ती भाषा बोल्ने जनता जीवित भएमात्र तिनको भाषा रहनेछ । यसकारण, जनता बाँचेमात्र भाषा रहनेछ", उहाँले स्पष्ट पार्नुभयो ।

सांसद सुवालले भन्नुभयो, "सिद्धान्तहीन गठबन्धनले देश र जनताको हित गर्दैन । नेका-माओवादीको सत्ता गठबन्धन एमाले-माओवादीमा बदल्न ३ महिना अगाडि युगान्डामा भारतीय विदेशमन्त्री एस. जयशङ्कर र नेपालका प्रम पुष्पकमल दाहालबिच सहमति भएको सार्वजनिक भयो; जुन राम्रो लक्षण होइन ।"

उहाँले भन्नुभयो, "सन् १८१६ को सुगौली सन्धिमा नेपालको तर्फबाट गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले बेलायती-भारतसँग भारतमै जग्गा घुस लिएर नेपाललाई धोखा दिएका थिए । पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित मल्लको छोरासँग मित लगाएर उपत्यकामा आक्रमण गरी मितघात गरेको बताउनेहरू पनि धेरै छन् । जङ्गबहादुर राणा बेलायत भ्रमण गएपछि अङ्ग्रेजभक्त भएका थिए ।"

सिंहदरबारमा गएकाहरूले सित्तैमा आउने भनी अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता बहुमतबाट पारित गरेकोविरुद्ध नेपाल मजदुर किसान पार्टीले एमसीसीबारे जनतालाई सचेत गरिरहेको चर्चा गर्दै उहाँले सित्तैमा आएको भनी विष खान नहुनेतर्फ सचेत गराउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "सिंहदरबारकै कमजोरीको कारण ललिता निवासको सरकारी जग्गा २९९ रोपनी, थबहीको ५८ रोपनी कमलपोखरी र बगैँचासमेत व्यक्तिको नाममा दर्ता भएको हो । सम्पत्ति धेरै कमाएका चौधरीले बाँसबारी छाला जुत्ता कम्पनीको १० रोपनी सरकारी जग्गा निजी बनाए । २०४३ सालयता सरकारमा गएकाहरूले सार्वजनिक संस्थानहरू सस्तोमा बिक्री गरे । परिणाम सार्वजनिक ऋण २४ खर्ब पुग्यो, व्यापार घाटा १८ खर्ब नाघ्यो ।"

उहाँले भन्नुभयो, "सरकारले ८० लाख युवालाई वैदेशिक रोजगारीमा पठाएको हुँदा दाल, चामल, तरकारीसमेत भारतीय एकाधिकार पुँजीसँग किन्नुपर्ने भयो । ३५ वर्षयता सरकारमा

बाँकी पृष्ठ ८ मा

# जलविद्युत् र पानी कब्जा गरेको भारत अब सौर्य ऊर्जा कब्जा गर्दै

काठमाडौँ, १८ चैत । प्रतिनिधिसभाको बैठकमा नेका, एमाले, माओवादी, रास्वपालगायतको समर्थनमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको स्थापनासँग सम्बन्धित सम्झौता बहुमतबाट पारित गरियो । यो सम्झौतामा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालको मात्र विपक्षमा मत परेको थियो ।

सांसद सुवालले सौर्य ऊर्जा उत्पादन र वितरणको ग्रीडसमेत भारतको नियन्त्रण हुने यो सम्झौता नेपाललगायत अन्य देशहरूको हितमा नभएको उल्लेख गर्दै भारतको सहमतिबिना सौर्य ऊर्जा उत्पादन गर्न नपाउने सो सम्झौतालाई पारित गर्न नहुनेतर्फ संसद्को ध्यानाकर्षण गराउनुभयो ।

साम्राज्यवादी देशहरूको बजार र नाफाको लागि पहिलो र दोस्रो विश्वयुद्ध भएको उल्लेख गर्दै सांसद सुवालले सौर्य गठबन्धन सम्झौताको कारण अर्को विश्वयुद्ध भएमा नेपालका ऊर्जामन्त्रीसमेत जवाफदेही हुनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

संसद्को विशेष समयमा सांसद सुवालले भ्रष्टाचारको अनुसन्धानको क्रममा पेरूका राष्ट्रपति दिना बोर्लुआर्टेको घरमा चैत १८ गते सरकारी अधिकारीहरूबाट छापा मारिएको उल्लेख गर्दै नेपालमा २५ पैसा पर्ने स्टिकर ९० पैसामा छाप्न लगाउने, इम्बोस्ड नम्बर प्लेटको सम्झौता ढिलो कार्यान्वयन भएबापत एक अर्ब रूपैयाँ थप व्यय भार पुऱ्याउने मन्त्री र प्रधानमन्त्रीको घरमा छापा मार्ने कहिले भनी प्रश्न उठाउनुभयो ।

पार्टी प्रतिबन्धको बेला संशोधनवाद शब्दमा सीमित भएको, अहिले संशोधनवाद व्यवहारमा देखिएको, मजदुर आन्दोलनभित्र देखा परेको पुँजीवादी विचार नै संशोधनवाद भएको उल्लेख गर्दै सांसद सुवालले सत्तापक्ष र प्रमुख विपक्षीबिच संवैधानिक आयोगका पदाधिकारी र प्रदेशका मुख्यमन्त्रीसमेत भागबन्डा गरिएको समाचारतर्फ बैठकको ध्यानाकर्षण गराउनुभयो ।

# गोर्की जयन्ती मनाइयो



कैलाली, १८ चैत । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कैलालीको आयोजनामा मेक्सिम गोर्कीको १५६ औँ जन्मजयन्तीको अवसरमा पुस्तक अध्ययन गोष्ठी तथा प्रशिक्षण कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले समाजवादी क्रान्ति सफल पार्नको लागि राजनैतिक, आर्थिक, सामाजिक, साहित्यिक र सांस्कृतिकरूपमा पार्टी कार्यकर्ताले सुझबुझका साथ अगाडि बढ्नुपर्दछ भन्नुभयो ।

उहाँले पार्टी कार्यकर्ताहरू अध्ययनशील हुनुपर्ने उल्लेख गर्दै आफूले अध्ययन गरेको विषय गाउँ गाउँका मजदुर र किसानलाई बुझाउनुपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घ कैलालीका अध्यक्ष गुप्तबहादुर शाहीले महान् साहित्यकार गोर्कीको जीवनीबारे प्रशिक्षण दिँदै गोर्कीको २८ मार्च १८६८ रसियामा गरिब परिवारमा जन्मिनुभएको र उहाँको बुबा अरुको घरमा सफा गर्ने काम गर्नुहुन्थ्यो भन्नुभयो ।

उहाँले भन्नुभयो, गोर्की ४ वर्षको हुँदा बुवाको मृत्यु भयो । ७ वर्षको हुँदा आमाले अर्कोसँग विवाह गर्नुभयो । उहाँ मामाघरमा हजुरआमा बुबासँग बस्नुभयो । हजुरबुबाको खराब आचरणको कारण ८ वर्षको उमेरमा घर छोडेर उनलाई आफ्नो व्यवस्था आफै गर्ने बाध्यता भयो । उनी कामको खोजीमा कम्युनिस्टहरूको सङ्गतमा पुगे जहाँ उनको भेट लेनिनसँग भएको थियो ।

उहाँले मेक्सिम गोर्कीका लेख रचनाहरू कामदारवर्गको निमित्त र जार शासनको विरुद्धमा हुने भएकोले आफ्नो लेख रचनामार्फत सोभियत सङ्घमा समाजवादी व्यवस्था ल्याउन ठुलो भूमिका निभाउनुभएको थियो भन्नुभयो ।

कार्यक्रममा नेक्रामहिलासङ्घ कैलालीका अध्यक्ष लक्ष्मी पुन, नेमकिपा कैलालीका सचिव गगन थापा, ज्योति बडुवाल, हरिकला विष्ट, कृष्णकला शाही, देविसरा अधिकारी, पदम सलामि, भक्तिप्रसाद जैशी, तारा तिरुवा, जानकी सिजापती, नेक्रायुसङ्घ कैलालीका अध्यक्ष प्रेम बडुवाल र नेक्राविसङ्घ कैलालीका अध्यक्ष हिक्मत भण्डारीले पुस्तकबारे बोल्नुभएको थियो ।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

प्रवचन कार्यक्रममा सहभागी हुनेबारे सूचना

उपरोक्त सम्बन्धमा ६७ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँज्यूको प्रमुख आतिथ्यमा हुने सहकारीसम्बन्धी प्रवचन कार्यक्रममा निम्न मिति, समय र स्थानमा सहकारीबाट एक जना सहभागिताको लागि अनुरोध गरिएको छ ।

कार्यक्रम
मिति : २०८०।१२।२० गते, मङ्गलबार
समय : दिनको १:०० बजे
स्थान : भ.न.पा. सभा कक्ष, ब्यासी



सूचना सूचना

भक्तपुर ईँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड ईँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

भक्तपुर ईँटा तथा टायल उद्योग प्रा.लि.
जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२



**कटुञ्जेमा स्वास्थ्य शिविर :**
कटुञ्जे सामुदायिक सिकाइ केन्द्रको आयोजना र डा. इवामुरा अस्पतालको प्राविधिक सहयोगमा शनिबार स्वास्थ्य शिविर भयो। शिविरमा डा. अजला प्रजापति, डा. तस्लिम जमालले स्त्रीरोग तथा जनरल फिजिसियन सेवा प्रदान गर्नुभएको थियो। शिविरमा ११३ जनाको सुगर जाँच तथा प्रेसर जाँच गरिएको थियो।
*तस्बिर : मजदुर दैनिक*

# साँगा–धुलिखेल सडक विस्तार ठप्प

काभ्रेपलाञ्चोक, १८ चैत (रासस)। अरनिको राजमार्गअन्तर्गतको काभ्रेपलाञ्चोकको सिमास्थल साँगादेखि धुलिखेलसम्मको सडक बिस्तार रोकिएको छ। उच्च अदालत पाटनको उत्प्रेषण आदेशपछि बनेपा-बुडोल खण्डमा निर्माणाधीन कल्भर्टलगायत संरचना निर्माण रोकिएको हो।

बनेपा नगरपालिका-६ बुडोलका १३ जना स्थानीयले सूर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दिवास सडक आयोजना कार्यालय भक्तपुरसहित आयोजना प्रमुख राजेन्द्र दास, बनेपास्थित ६ र ७ नं वडा कार्यालयलाई विपक्षी बनाइ गत फागुन २० गते रिट दर्ता गरेका थिए। दर्ता गरिएको रिटमा फागुन २१ गते नै प्रारम्भिक सुनुवाइ भएको थियो।

न्यायाधीशद्वय नृपध्वज निरौला र विदुर कोइरालाको संयुक्त इजलासले निर्माण रोक्न दुई साताअघि उत्प्रेषण आदेश जारी गर्नुभएको हो। विसं २०१६ मा सडक निर्माणका बेला खेतका लागि पानी निकास गर्न राखिएको ह्यूम पाइपसहितको ढलको स्थानमा हाल नयाँ डिजाइनमा कल्भर्ट निर्माण गरिएको थियो।

उक्त कल्भर्टबाट पानी निकास हुँदा सडकको तल्लो क्षेत्रमा क्षति पुगेको जनाउँदै स्थानीयवासीले गत फागुनमा रिट दर्ता गरेका थिए। आयोजनाका इञ्जिनियर विष्णुप्रसाद खनालका अनुसार अदालतको उत्प्रेषण आदेशपछि उक्त क्षेत्रमा निर्माणाधीन संरचनाको कार्य रोकिएको छ।

कल्भर्टलगायत निर्माणाधीन संरचनाको कामा रोकिएपछि नजिकैबाट बनाइएको वैकल्पिक सडकमा हिलो र धुलोका कारण सवारी आवागमनमा निकै सकस भएको छ भने बुडोल क्षेत्रमा दर्जनौँ दुर्घटनासमेत भएको छ। पानी परेका बेला सवारी फसेर सडक जाम हुने अवस्था आएको छ।

तीन वर्षमा सक्ने गरी सूर्यविनायक-साँगा र साँगा-धुलिखेलको सडकखण्ड विस्तार सुरू गरिएको थियो। छुट्टाछुट्टै दुई चरणमा सम्झौता भएअनुसार २०७९ फागुन १६ गतेदेखि साँगाबाट धुलिखेलसम्मको आठ दशमलव चार किमी सडकखण्ड निर्माण सुरू भएको थियो। सो सडक खण्ड निर्माणका लागि रू. चार अर्ब पाँच करोड ६४ लाखमा ठेक्का लागेको थियो।

यसैबीच अरनिको राजमार्गअन्तर्गतको काभ्रेपलाञ्चोकको धुलिखेल-खावा चार किमी सडकखण्ड विस्तारको म्याद सोमबार सकिँदै छ। उक्त सडक स्तरोन्नतिसहित विस्तारका लागि सडक डिभिजन कार्यालय भक्तपुर र निर्माण कम्पनीबीच २२ महिना अर्थात् चैत १९ गते सम्पन्न गर्ने गरी २०७९ जेठ २० गते गौरी पार्वती निर्माण सेवा प्रालिसँग सम्झौता गरिएको थियो।

आयोजनाको समयसी सकिँदा एक तिहाई काम पनि नभएको कार्यालयले जनाएको छ। २२ महिनामा आयोजनाको २० प्रतिशत मात्रै काम भएको जनाउँदै कार्यालयले समय थपेर सम्पन्न गराउने योजना बनाएको छ। उक्त सडक स्तरोन्नतिका लागि रू. २० करोड १९ लाख ४६ हजार पाँच सय एकमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो। केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटर फराकिलो बनाई कालोपत्र गर्न लागिएको थियो।

# लघुकथा पुस्तक मेला तथा स्रष्टाहरूको भेला

भक्तपुर, १८ चैत। सिर्जना अभियान समाजको आयोजनामा भक्तपुरमा एकदिने लघुकथा पुस्तक मेला तथा स्रष्टाहरूको भेला भएको छ।

लघुकथा विधाको क्षेत्रमा पहिलोपटक गरिएको मेलामा डेढ सयभन्दा बढी लघुकथाका कृतिहरूको प्रदर्शनी तथा स्रष्टाहरूको उपस्थिति थियो।

सो अवसरमा सामाजिक सञ्जालमा लघुकथाको अवस्थाबारे परिचर्चा गरिएको थियो। लघुकथा कुनोका संस्थापक कथाकार नारायण तिवारीले लघुकथामा यसप्रकारको सक्रियता देखापर्नु गर्वको विषय रहेको बताउनुभयो।




कथाकार ध्रुव मधिकर्मीले पुस्तक मेलाले लघुकथा कृतिको प्रवर्द्धन र श्रष्टा-पाठकबिच संवाद स्थापित गर्नमा सघाउ पुग्ने बताउनुभयो।

कवि तथा लघुकथाकार विधान आचार्यले प्रविधिले लेखकहरूलाई सजिलो तुल्याउनुभए पनि पुस्तकमा रचनाको प्रकाशन गर्दा परिमार्जन र शुद्धाशुद्धीको ख्याल गर्नुपर्ने बताउनुभयो।

मेलाको लागि भैरहवाबाट आइपुगेका स्रष्टा कपिल लामिछानेले उद्देश्यअनुरूप मेला सार्थक भएको र पहिलोपटक यसरी लघुकथा पुस्तक मेला भएकोमा खुसी व्यक्त गर्नुभयो।

परिचर्चामा स्रष्टाहरू ममता मृदुल, दीपक लोहनी, बन्दना घिमिरे र संयोजक हिमलाल श्रेष्ठले पनि मेलाको सार्थकता र सञ्जालको भूमिकाबारे आआफ्ना विचार राख्नुभएको थियो।

कार्यक्रममा सभापति धनमान श्रेष्ठले सिर्जना अभियानले साहित्यलाई समाजसँग जोड्न विभिन्न कार्यक्रम गरिरहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा झापाबाट आउनुभएका लेखिका मीरा काफ्लेको लघुकथा कृतिको सार्वजनिक गरिएको थियो।

# पौडेलद्वयलाई २१ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति

काठमाडौँ, १८ चैत (रासस)। विशेष अदालतले गैरकानुनी सम्पत्तिआर्जनको आरोपमा पक्राउ परेका दुई व्यक्तिलाई थप अनुसन्धानका लागि २१ दिन थुनामा राख्न अनुमति दिएको छ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायण सिंह राई र रितेन्द्र थापाको इजलासले आइतबार नेपाल टेलिकमका पूर्वप्रबन्ध निर्देशक सुनिल पौडेल र सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकल पौडेललाई थप २१ दिन थुनामा राख्न अनुमति दिएको अदालतका प्रवक्ता धनबहादुर कार्कीले जानकारी दिनुभयो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत माघ १० गते नेपाल टेलिकमका पूर्वप्रबन्ध निर्देशक सुनिल र सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकललाई गत पक्राउ गरेको थियो।

# सिचु फल्चा पुन:निर्माणको सार्वजनिक परीक्षण सम्पन्न




भक्तपुर, १८ चैत। भनपा वडा नं ५ क्वाछेँस्थित सिचु फल्चा पुन:निर्माण उपभोक्ता समितिको आयोजनामा सिचु फल्चा पुन:निर्माण कार्यसम्बन्धी सार्वजनिक परीक्षण कार्यक्रम आइतबार सम्पन्न भयो।

कार्यक्रममा वडा अध्यक्ष योगेन्द्रमान बिजुक्छेँले आफ्नो निजी सम्पत्ति संरक्षणको लागि सजग भएजस्तै सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षणको लागि पनि अघि बढ्नुपर्ने आवश्यकता औँल्याउँदै भक्तपुरका जनताको साथमा भनपाले सम्पदाहरूको संवर्द्धन र पुनर्निर्माणको कार्य अगाडि बढाइरहेको बताउनुभयो।

निर्माण कार्य जनसहभागितामार्फत गराउँदा अपनत्व कायम हुनुका साथै गुणस्तरीय पनि हुने भएकोले उपभोक्ता समितिमार्फत काम गराउने भक्तपुर नगरपालिकाको अर्को विशेषता भएको बताउँदै उहाँले उपभोक्ता समितिमा बसेर सहयोग गर्ने वडावासीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो।

भनपा सम्पदा उपशाखा प्रमुख रामगोविन्द श्रेष्ठले सम्पदा पुन:निर्माणको कार्य गर्न धेरै प्रमाण र आधारहरू खोज्नुपर्ने भएकोले समय लाग्ने बताउनुभयो।

कार्यक्रममा सिचु फल्चा पुन:निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष पूर्णगोपाल राजचलले सिचु फल्चा पुन:निर्माण कार्य तथा आर्थिक विवरण प्रस्तुत गर्दै उक्त पाटी रु. ३७,३८,८४०/- मा सम्पन्न भएको बताउनुभयो।

कार्यक्रममा उपभोक्ता समितिका कोषाध्यक्ष सरस्वती सिंख्वालले पनि बोल्नुभएको थियो।

# स्रोत नखुलेको रकमसहित दुई जना पक्राउ

काठमाडौँ, १८ चैत (रासस)। नेपाल प्रहरीले स्रोत नखुलेको नगद रू. १८ लाख ५० हजारसहित चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गाबाट दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा रूपन्देही तिलोत्तमा नगरपालिका-११ का २३ वर्षीय रिसब श्रेष्ठ र ३७ वर्षीय देवेन्द्र न्यौपाने रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले लु२ख ४५३५ नम्बरको बस जाँच गर्ने क्रममा बसका सहचालक रिसबलाई उक्त नगदसहित पक्राउ गरेको थियो। साथै थप अनुसन्धानका क्रममा उक्त रकम देवेन्द्र न्यौपानेले काठमाडौँ पुऱ्याइदिनु भनी श्रेष्ठलाई दिएको खुल्न आएपछि न्यौपानेलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान थालिएको प्रवक्ता ढकालले बताउनुभयो।

# महालेखापरीक्षकमा राय सिफारिस

काठमाडौँ, १९ चैत (रासस)। महालेखापरीक्षकमा तोयम राय सिफारिस हुनुभएको छ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा आइतबार बसेको संवैधानिक परिषद्को बैठकले महालेखापरीक्षकमा रायलाई सिफारिस गरेको हो। संवैधानिक परिषद्का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको बैठकले महालेखापरीक्षकमा रायलाई सिफारिस गर्ने निर्णय गरेको सभामुख देवराज घिमिरेले जानकारी दिनुभयो।

महालेखापरीक्षकमा सिफारिस हुनुभएका राय राष्ट्रिय तथ्याङ्क कार्यालयको सचिव हुनुहुन्थ्यो।

# लुटपाटमा संलग्न दुई जना पक्राउ

काठमाडौँ, १८ चैत : जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले लुटपाटमा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ।

पक्राउपर्नेमा तार्केश्वर नगरपालिका-६ बस्ने २७ वर्षीय प्रशान्तजङ्ग कार्की र बूढानीलकण्ठ नगरपालिका-२ बस्ने राजु गुरूङ रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार पक्राउ परेकाहरूले चैत १३ गते राति ९ बजेदेखि १० बजेको समयमा बूढानीलकण्ठ नगरपालका-१२ कपन दुर्गामन्दिर नजिकबाट बा २ ज ३५९८ नम्बरको टयाक्सी चालकलाई कुटपिट गरी वान प्लस ७ टी मोबाइल, ब्लुबुक, एचपी १५ ल्यापटप एक, रातो कलरको वालेट एक तथा नगद रू. १८ हजार लुटपाट गरेको आरोपमा पक्राउ गरिएको हो।

निजहरूलाई बसुन्धारा चोकबाट पक्राउ गरेको र उनीहरूमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

# मुङखेती विस्तार गर्न बीउमा अनुदान

गोदावरी (कैलाली), १८ चैत । धनगढी उपमहानगरपालिकाले मुङखेती विस्तार गर्न किसानलाई बीउमा अनुदान दिएको छ । मुङको बीउमा अनुदान दिएर उत्पादन बढाउने उद्देश्यले किसानलाई मुङको बीउमा अनुदान दिइएको हो ।

गत वर्ष बीउमा शतप्रतिशत अनुदान दिएको उपमहानगरले यस वर्ष ७५ प्रतिशत अनुदान दिएको कृषि शाखाले जनाएको छ । मुङखेतीमा किसानको आकर्षण बढाउन यस वर्ष ५७ किसानलाई मुङबीउमा अनुदान दिइएको उपमहानगरले जनाएको छ ।

आलु, तोरी र अन्य हिउँदे बाली लगाएको खेतमा मुङखेती गरेर छोटो समयावधिमा लाभ लिन सकिनेछ । धनगढी उपमहानगरपालिकाले मुङखेती प्रवर्द्धन गर्ने नीतिअनुसार यस वर्ष पाँच वडाका किसानलाई मुङखेती गर्न बीउमा अनुदान उपलब्ध गराएको हो ।

उपमहानगरले गत वर्ष कृषि विकास निर्देशनालयबाट प्राप्त बीउ वडा नं ६, ९, १२, १७ र १८ का एक सय ९१ किसानलाई निःशुल्क उपलब्ध गराएको हो । गत वर्ष धनगढीमा किसानले ७५ बिघामा मुङखेती गरेको कृषि शाखा प्रमुख लोकराज उपाध्यायले बताउनुभयो ।

गत वर्ष धनगढीका एक सय ९१ किसानले ७५ बिघामा मुङखेती गर्दा २० टन उत्पादन भएको उहाँको भनाइ छ । गत वर्ष निःशुल्क बीउ वितरण गरेको उपमहानगरले यस वर्ष ७५ प्रतिशत अनुदानका लागि पाँच सय ५० किलोग्राम बीउमात्रै किसानलाई बीउ वितरण गरिएको जनाइएको छ ।

उपमहानगरपालिकाभित्र यस वर्ष ३० बिघामा मुङखेती गरिएको छ । मुङखेतीमा राम्रो आम्दानी हुने भए पनि खेती गर्दा हरेक तीन–चार दिनको अन्तरमा कोसा टिप्नुपर्ने, समयसमयमा सिँचाइ गर्नुपर्ने भएकाले झन्झटिलो मानेर किसानले रुचि नदेखाएको कृषि शाखा प्रमुख उपाध्यायले बताउनुभयो । गहुँ काटेपछि खाली रहेको जमिनमा मुङखेती गरेर किसानले लाभ लिने उपाध्यायले जनाउनुभयो ।

धनगढीका सबै वडामा मुङखेती गर्न सकिने भए पनि हरेक तीन–चार दिनमा कोसा टिप्नुपर्ने, सिँचाइ गर्नुपर्ने भएकाले झन्झटिलो मानेर किसान मुङखेतीतर्फ आकर्षण बढ्न नसकेको जनाइएको छ । गत वर्ष किसानले उत्पादन गरेको मुङ रु. एक सय २० किलोग्रामका दरले बिक्री गरेको उपमहानगरपालिकाले जनाएको छ । *रासस*

# सोह्र वर्षसम्म पनि भएन बन्तरिया शिविरका बाढीपीडितको पुनः स्थापन

**- राजेन्द्रप्रसाद पनेरु/रासस**

कञ्चनपुर, १८ चैत : हावाहुरी चल्ने मौसम सुरु भएसँगै शुक्लाफाँटा नगरपालिका–१२ बन्तरिया शिविरका ६४ वर्षीय वासुदेव रानालाई रातिको समयमा निन्द्रा पर्न छाडेको छ । वनको छेउमै रहेको उहाँको झुपडीमा हावाहुरी चलेपछि रुख ढलेर थिच्ने डरले सताउन थालेको हो ।

"बिस्तारै हावाहुरी चल्ने मौसम सुरु भएको छ । बैशाख/जेठमा आउने हावाहुरीले रुखहरूनै ढाल्ने गरेका छन्", रानाले भन्नुभयो, "कहिलेकाहीँ रुखका हाँगा झुपडी माथिनै खस्ने गरेका छन् ।" रुखको हाँगा लागेर शिविरका बासिन्दा घाइते भइसकेका उल्लेख गर्दै उहाँले मानवीय क्षति हुन नदिन झुपडी छोडेर खुला आकाशमुनि बस्नुपर्ने बाध्यता भएको बताउनुभयो ।

रानासहित शिविरमा बसोबास गर्ने परिवारको साविक देखतभूली गाउँ विकास समितिमा रहेको जग्गा वनहरा बाढीले लगेपछि डेढ दशकदेखि वन क्षेत्रमा बस्दै आएका छन् । विसं २०६४ को बाढीले घरजग्गा सबै बगाएपछि सुकुमबासी भएर वन क्षेत्रमा बस्दै आएको रानाको भनाइ छ ।

घरसँगै कमाइ खाने जग्गा नदीले बगाएर बेघर पारेपछि शिविरका अधिकांश बासिन्दाले दैनिक ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका छन् । केहीले छिमेकी गाउँमा अधिया लगाएर परिवारको भरणपोषणको व्यवस्था मिलाएका छन् । बाढीले बेघर पारेपछि अर्को व्यवस्था नहुन्जेलसम्मका लागि तत्कालीन प्रमुख जिल्ला अधिकारीको निर्देशनमा बाढीपीडित परिवारलाई वन क्षेत्रमा अस्थायी रुपमा बस्ने व्यवस्था मिलाइएको थियो ।

बाढीबाट विस्थापित ३२ परिवार पहिले शिविरमा बस्दै आएका थिए । जीविकोपार्जन गर्न गाह्रो भएपछि केही परिवार भारततर्फ लागेका, केहीले अन्यत्र अधियामा जग्गा कमाउन गएका स्थानीय बताउँछन् । हाल शिविरमा १९ परिवार मात्रै बस्दै आएका छन् । पुनः स्थापनको व्यवस्था मिलाइदिनका लागि शिविरका बासिन्दाले नगरपालिकादेखि काठमाडौंसम्म अनुरोध गर्दै आए पनि हालसम्म सुनुवाइ भएको छैन ।

"आफन्तसँग कर्जा मागेर तीनपटक पुर्यौं । पुनःस्थापन गराउने प्रतिबद्धता मात्र भयो । सोह्र वर्षदेखि रुखमुनि बस्दै आएका छौं, हाल खबर सोध्ने पनि कोही छैनन्", स्थानीय राजकुमार रानाले भन्नुभयो । बाढीपीडित भएको प्रमाण वडादेखि जिल्लासम्म भए पनि सरोकारवाला निकायको बेवास्ताका कारण आफूहरू मर्कामा परेको उहाँको भनाइ छ ।

लालझाडीका बाढीपीडित परिवारलाई स्थानीय तहको प्रयासमा पुनः स्थापनको कार्य गरिएपनि यहाँको अवस्था बुझेर पनि चासो नदिँदा कष्टकर जीवन बिताउनु परेको भुरी रानाले बताउनुभयो । उहाँका अनुसार दातृ निकायसँग अनुरोध गरेपछि शिविरमा खानेपानीका लागि तीनवटा नल्का (धारा) गाडिएका थिए ।

विगत सम्झँदै महादेव रानाले भन्नुभयो, "साँझ पर्ने आँटेको थियो, पानीपर्ने क्रम जारी थियो, वनहरा नदीमा नसोचेको ठूलो बाढी आयो, छिमेकीले बाढी बस्तीमा छिरिसकेकाले भाग्नका लागि ठूलो स्वरले कराउन थाले । जे बोक्न सक्यौं, त्यो सामान हातमा समातेर सुरक्षित क्षेत्र भनेकै वन थियो, त्यसतर्फ भागेर ज्यान जोगायौं, कमाउँदै आएको १५ कट्ठा जग्गा नदीमा बग्यो, जग्गा बगाउने क्रममै घर पनि बगरले लग्यो ।" घर जग्गा सबै नदीले बगाएपछि सुकुमबासी भएर वन क्षेत्रमा बस्दै आएको उहाँले बताउनुभयो ।

"गणतन्त्र आएकाले कोही भोको हुँदैन, सबैले खान, लगाउन र सुरक्षित घरमा बस्न पाउँछन् भन्थे", स्थानीय रामसहाय रानाले भन्नुभयो, "विस्थापनमा परेपछि सहदै आएको कष्ट झन बल्भिँदै गए पनि सोधपुछ गर्ने कोही छैनन् ।" शिविरमा बस्दै आएको ठाउँमा जग्गा नापजाँच गरी घरबासको व्यवस्था मिलाइदिन बाढीपीडित परिवारको माग छ ।

वडाध्यक्ष नवलसिंह रले बाढीपीडित परिवारको पुनःस्थापनको कार्य वडास्तरबाट गर्न सम्भव नभएकाले सङ्घ र प्रदेश सरकारले पहल गर्नुपर्ने बताउनुभयो ।



**पुनर्निर्माण–कमला पुल :**
निर्माण सम्पन्न भएर उद्घाटन नहुँदै भासिएको हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला पुलको पुनर्निर्माण हुँदै ।
*तस्बिर : अमरेन्द्रकुमार यादव/रासस*

# पनौतीको सम्पदा र सीप जोगाउन जुटे स्थानीय

धुलिखेल (काभ्रेपलाञ्चोक), १८ चैत । काभ्रेपलाञ्चोकको ऐतिहासिक तथा सांस्कृतिक सहर पनौतीको सम्पदा र परम्परागत सीप संरक्षण गर्न पनौती पर्यटन विकास केन्द्रले अभियान सुरु गरेको छ । केन्द्रले नयाँ पुस्तालाई मार्गदर्शन गर्ने उद्देश्यले पनौती–७ त्रिवेणीघाटमा सम्पदा झल्कने कलात्मक भित्तेचित्र लेखन तथा महिलालाई परम्परागत सामग्री बुन्ने तालिम दिएको छ ।

त्रिवेणीघाट मन्दिर परिसरको घरका भित्ताले सम्पदास्थल कुरूपझैं देखिएको थियो । नगरपालिकाको सुझावलाई आधार मानी विकास केन्द्रले मकर मेला र पनौतीको सम्पदा झल्किने भित्तेचित्र तयार पारेको छ । केन्द्रका अध्यक्ष पुरुषोत्तम कर्माचार्यका अनुसार विज्ञको सल्लाहमा नमुना तस्बिर तयार पारेर भित्तेचित्र बनाउन लगाइएको हो । वाग्मती प्रदेश सरकारको सहयोगमा चित्रकार आयुस बज्राचार्य नेतृत्वको टोलीले पनौतीको धार्मिक, ऐतिहासिक र पुरातात्विक इतिहास झल्किने आकर्षक भित्तेचित्र कोरेका छन् ।

पनौतीका साहित्यकार सूर्यप्रसाद लाकोजुले पनौतीको सम्पदा झल्कने र परम्परागत सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्ने काम भएको बताउनुभयो । भित्ते चित्रको परम्परा निकै प्राचीन रहेको उल्लेख गर्दै उहाँले ब्रह्मायणी मन्दिर र त्रिवेणी सत्तलको भित्तेचित्रले पनौतीको ऐतिहासिकता झल्किएको बताउनुभयो । भित्तेचित्रले मोकिल परम्परा, कलासंस्कृति जोगाउने काम गरेको र आधुनिककालको इतिहास लेखन बाँकी रहेको लाकोजुले बताउनुभयो ।

उहाँले भन्नुभयो, "रोशी खोला र पुण्यमाता खोलाको बिचमा रहेको त्रिवेणीघाट परिसरमा घरभन्दा मन्दिर बढी छ भन्ने भनाइ छ । त्यसको संरक्षण गर्न अब सङ्घसंस्था र स्थानीयवासीले यसरी अभियान थालनी गर्नुको विकल्प छैन ।"

भित्तेचित्रमा पनौती नगरपालिका–६, ७ र ९ को सङ्गमस्थल त्रिवेणीघाटमा लाग्ने बाह्रवर्षे मकर मेला र पनौतीको पौराणिक इतिहास झल्किने कलाकृति तयार पारिएको छ । केन्द्रका अध्यक्ष कर्माचार्यले पनौतीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अगाडि बढिरहेको बताउनुभयो । उहाँले त्रिवेणीघाटमा निर्मित कलाकृतिले पर्यटकलाई आकर्षित गर्ने बताउनुभयो । पनौती घुम्न आउने पर्यटकलाई सहज बनाउन 'सम्पदा राहदानी' प्रयोगमा ल्याउने तयारी भइरहेको उहाँको भनाइ छ ।

केन्द्रले नेवार समुदायमा प्रयोग हुने सामग्री बुन्ने सीपसमेत सिकाएको छ । त्यस्ता सीप भएका व्यक्ति र सीप लोप हुने अवस्थामा पुगेकाले ज्येष्ठ नागरिकमार्फत सीप हस्तान्तरण गर्ने काम गरेको हो । चोयाबाट बन्ने मिम्चा, ढकिचा, पिचा, खँचा, कलालीलगायतका सामग्री बुन्ने सीप चैत ४ गतेदेखि १६ गतेसम्म युवा पुस्तालाई सिकाइएको केन्द्रले जनाएको छ । तालिममा सहभागीलाई प्रमाणपत्रसमेत दिइएको छ । सीप सिकाउने काममा ज्येष्ठ नागरिक आशामाया देउला, गणेशमाया देउला र दिलमाया देउला प्रशिक्षक थिए ।

पनौती नगरपालिका प्रमुख रामशरण भण्डारीले कलामार्फत पनौतीको सम्पदा झल्कने कलात्मक भित्तेचित्रसँगै महोत्सव बुद्धको चित्र अङ्कित गर्ने लक्ष्य रहेको बताउनुभयो । पनौतीको पुरानो बजार क्षेत्र संरक्षण र सरसफाइमा आमनागरिक र सङ्घसंस्थाको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो । विसं २०५८ मा संरक्षण क्षेत्र घोषणा भए पनि पनौती बजार क्षेत्र ओझेलमा परेको थियो । यसलाई उजागर गर्न नागरिकस्तरबाट लाग्नुपर्ने प्रमुख भण्डारीको भनाइ छ ।

वाग्मती प्रदेशसभा सदस्य तीर्थबहादुर लामाले पनौतीको ऐतिहासिक महत्व युवापङ्क्तिले बिर्सँदै गएकाले यसको महत्व र गरिमा बचाउन जिम्मेवार भएर लाग्नुपर्ने बताउनुभयो । *रासस*

# चिस्यान केन्द्र बनेपछि आलु भण्डारणमा सहज

दमौली (तनहुँ), १८ चैत । तनहुँको म्याग्दे गाउँपालिकामा निर्माण सम्पन्न भएको चिस्यान केन्द्र सञ्चालनमा आएको छ । कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुको भण्डारण गरी उचित मूल्यमा बिक्रीवितरण गर्ने उद्देश्यसहित गत वर्ष माघमा निर्माण थालिएको चिस्यान केन्द्र सम्पन्न भएर बिहीबारदेखि सञ्चालनमा आएको हो ।

म्याग्दे गाउँपालिका–३ बिरुवामा चिस्यान केन्द्र निर्माण सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार चिस्यान केन्द्र निर्माणका लागि गत वर्षको पुस १ गते पासा कन्स्ट्रक्सनसँग सम्झौता गरिएको थियो ।

रु. एक करोड ४७ लाख चार हजार छ सय ४७ को लागतमा चिस्यान केन्द्र निर्माण गरिएको हो । दुईतले भवन एक सय ९५ दशमलव ८५ वर्गमिटर क्षेत्रफलमा फैलिएको छ । चिस्यान केन्द्रमा कृषकले उत्पादन गरेका आलु, फलफूल, तरकारीलगायतका वस्तु राखिनेछ ।

अधिकारीले भन्नुभयो, "कृषिजन्य वस्तु भण्डारणका लागि चिस्यान केन्द्रले सहयोग पुग्नेछ, त्यसका कारण कृषकले उचित मूल्य पाउनेछन्, अधिकारीका अनुसार चिस्यान केन्द्रको क्षमता दुई सय मेट्रिकटन रहेको छ ।"

चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य सचिव रुक्मिता घिमिरेले चिस्यान केन्द्रमा भण्डारणका लागि प्रतिकिलो रु. १० शुल्क कायम गरिएको छ । गाउँपालिकाभित्रका कृषकलाई भने ५० प्रतिशत अनुदान दिइनेछ । उहाँले भन्नुभयो, "चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले भण्डारणका लागि शुल्क निर्धारण गरेको छ, चालु आर्थिक वर्षमा गाउँपालिकाभित्रका कृषकलाई प्रतिकिलो रु. पाँचमात्रै शुल्क लाग्नेछ ।"

घिमिरेले कृषकलाई वडाका टोल विकास संस्थामार्फत एकमुष्ठ आलु सङ्कलन गरी चिस्यान केन्द्रमा भण्डारण गर्न सूचीत गरिएको जानकारी दिनुभयो । आलु सङ्कलन गर्दा प्रत्येक बोरा ५० किलोको हुनुपर्ने निर्णय गरिएको उहाँको भनाइ छ ।

घिमिरेका अनुसार बोरामा सङ्कलन गरिएका आलु कम्तीमा खनेको १५ दिनपछिको र बोक्रा बाक्लो भएको हुनुपर्नेछ । त्यस्तै, टोलविकास संस्थामार्फत आउँदा किसानले आफूले चिन्ने गरी बोरामा सङ्केत नाम राख्नुपर्नेछ ।

म्याग्देले समृद्ध गाउँपालिका निर्माणका लागि कृषिलाई प्राथमिकतामा राखेको छ । कृषकले कृषिजन्य वस्तु उत्पादन गर्ने तर समयमा बिक्री हुन नसक्दा समस्या हुँदै आएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । "यो समस्या समाधानका लागि चिस्यान केन्द्र अतिआवश्यक थियो, यसले गर्दा कृषकले उचित मूल्य पाउनेछन्," श्रेष्ठले भन्नुभयो ।

उत्पादित वस्तु समयमा बेच्न नसक्ने हुँदा सडने र वस्तु घाटामा बेच्नुपर्दा व्यवसायमा असर पर्ने देखिएकाले गर्दा चिस्यान केन्द्रमार्फत वस्तुको भण्डारण गरिने श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "कृषकलाई उत्पादनमा प्रेरित गर्ने वस्तुको बजारीकरणमा सहयोग गर्ने गरी पालिका अगाडि बढेको छ, चिस्यान केन्द्र सञ्चालनपछि कृषक आफैंले उत्पादित वस्तुको भण्डारण र बिक्री गरी आयआर्जन गर्न सक्नेछन् ।"

म्याग्दे गाउँपालिकाका कृषक केही वर्षयता सामूहिक आलुखेतीतर्फ आकर्षित छन् । विगतमा धान, मकै, गहुँजस्ता अन्नबाली लगाइने ठूला फाँटमा कृषकले अहिले सामूहिकरूपमा आलुखेती गरिरहेका छन् । यसअघि केही कृषकले निर्वाहमुखीरूपमा मात्र आलुखेती गर्ने गरेकामा गाउँपालिकाले व्यावसायिक आलुखेती गर्न प्रोत्साहन गरेपछि कृषक सामूहिकरूपमा आलुखेतीतर्फ आकर्षित भएका हुन् ।

विगतका वर्षमा व्यक्तिगतरूपले निर्वाहमुखीरूपले मात्र आलुखेती गर्दै आएकामा गाउँपालिकाले आलुखेतीमा अनुदान दिन थालेपछि समूह बनाएर आलुखेती गरिएको कृषक लक्ष्मी भण्डारीले बताउनुभयो । चिस्यान केन्द्रको अभावमा विगतमा आलु कुहिएर जाने समस्या रहेको जनाउँदै उहाँले अब चिस्यान केन्द्र सञ्चालनमा आएपछि सहज हुने बताउनुभयो । गाउँपालिकाको साँघे, रानीटारी, थर्पु, पयर, धयरे, छाङपाटन, पीपलडिहीलगायतका क्षेत्रमा सामूहिक आलुखेती भइरहेको गाउँपालिकाको कृषि शाखाले जनाएको छ । *रासस*

। सम्पादकीय ।

# भ्रष्टाचारीहरू कारबाहीमा पर्लान् ?

जो गिरेको, आचरण र अनुशासनबाट तल झरेको छ, दुश्चरित्रको छ त्यो भ्रष्ट हो । नियम वा कानुनविरुद्ध नैतिक पतन हुने काम, घुस खाने काम, पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम भ्रष्टाचार हो । अर्थात्, पतित आचरण, दूषित मर्यादा, भ्रष्ट मनसाय वा घुसखोरीको काम भ्रष्टाचार हो । त्यस्ता भ्रष्टाचार गर्ने आचरण भएको, नैतिक र भौतिक दुवैरूपमा आचरणको पतन भएको व्यक्ति भ्रष्टाचारी हो । भ्रष्टाचारीहरू सामाजिक अपराधीहरू हुन् । राजनीतिक भ्रष्टाचार, आर्थिक भ्रष्टाचार, सामाजिक भ्रष्टाचार र धार्मिक भ्रष्टाचार गर्ने अपराधीहरू सजायभागी छन् । भ्रष्टाचारीहरूमाथि उचित कारबाही नभएको र सत्तासीन दलका नेताहरू भ्रष्टाचारीहरूको वरिपरि घुमिरहेको कारण भ्रष्टाचारले ठाउँ पाएको हो, भ्रष्टाचार सिंहदरबारबाट गाउँठाउँ पुगेको हो । अतः कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथि कानुनी कारबाही अघि बढाउनुपर्छ । भ्रष्टाचारी एकदिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास जनतामा स्थापित गर्नुपर्छ ।

एमालेसमेत पाँच दल सम्मिलित माओवादीको नेतृत्वमा बनेको सरकारले सार्वजनिक गरेको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पमा जो कोही भ्रष्टाचारीमाथि कानुनी कारबाही अगाडि बढाउने र भ्रष्टाचारीहरू एकदिन कानुनको कठघरामा पुग्नेछ भन्ने जनतामा विश्वास दिलाउने उल्लेख छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकार सम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने विश्वास पनि वर्तमान सरकारको साझा सङ्कल्प रहेको छ । के सरकारले हालै सार्वजनिक गरेका यी सङ्कल्पहरू पूरा गर्ला ? पूरा गर्ने अभियान चलाउला ?

सहकारी सदस्यहरूको पैसा लिएर भाग्ने भ्रष्टाचारी हो । नेपालीलाई भुटानी शरणार्थी बनाएर संयुक्त राज्य अमेरिका पठाउने भ्रष्टाचारी हो । ललिता निवास, थबहीलगायत सार्वजनिक सम्पत्ति निजी बनाउने व्यक्ति पनि भ्रष्टाचारी हो । यसरी नै अनेक भ्रष्ट बाटोमा फसेका नेता, मन्त्री र सांसदहरू धेरै देखिए । त्यस्तै सरकारी, गैरसरकारी तथा सामाजिक सङ्घ संस्थामा काम गर्ने जिम्मेवार व्यक्तिहरू पनि भ्रष्टाचारमा मुछिएका छन् ।

चैत १८ को 'नयाँ पत्रिका'मा 'अन्त शुल्क स्टिकर छपाइमा अनियमितताबारे अख्तियारले थाल्यो छानबिन', '२५ पैसा पर्ने स्टिकर ४३ करोड ३२ लाख थान छाप्न ९० पैसाको दरले लगाइएको थियो ठेक्का', 'इम्बोस्ड नम्बर प्लेटमा पनि चलखेल' शीर्षकका समाचारहरू छापिए । सोही दिनको 'नागरिक' दैनिकमा 'भन्सार कर्मचारीकै सहयोगमा तस्करी', 'पाशुपत क्षेत्र सुधारमा सरकार अकर्मण्य' शीर्षकका समाचारहरू छापिए । मुलुकको राजस्व सङ्कलन गर्ने प्रमुख निकाय भन्सार कार्यालयकै कर्मचारीहरू तस्करका सहयोगी भएपछि राजस्वमा कति चुहावत भयो होला ? सर्वोच्च अदालतले विश्व सम्पदा सूचीमा सूचिकृत पाशुपत क्षेत्रलाई व्यवस्थित गर्न सरकारले उदासीनता र अकर्मण्यता देखाएको ठहर गरी परमादेशको आदेश जारी गर्‍यो । इम्बोस्ड नम्बर प्लेटको खरिद सम्झौतामा अनियमितता भएको आशङ्कामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको छ । सेक्युरिटी प्रिन्टिङ प्रेसको पावर सिस्टम र इन्धन भण्डारण ट्याङ्की खरिद ठेक्कामा भएको भ्रष्टाचारमा पनि मिलेमतो रहेको भन्दै सुरक्षण मुद्रण केन्द्रमा कार्यकारी निर्देशकलाई अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ । स्टिकर छाप्ने प्रिन्टर खरिदमा पनि सुरक्षण मुद्रण केन्द्रले ४० करोड बढी खर्च गरेको भनी अख्तियारले छानबिनको घेरामा राखेको छ । यसरी हरेकजसो क्षेत्रमा देशको सम्पत्तिमा आँखा गाडेको छ । भ्रष्ट चरित्रका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कर्मचारी रहेसम्म देशमा भइरहेको भ्रष्टाचार अन्त्य हुनेछैन । यसको लागि यो पुँजीवादी व्यवस्था नै फाल्नुपर्छ ।

## वातावरण प्रदूषित : गाडी जाम

भूमिगत तार बिछ्याउने काम धेरै दिनअघि देखि भक्तपुर नगरमा हुँदै छ । बिजुलीको तारलाई भूमिगत गर्नु राम्रै हो । यसले नगरको शोभा बढाउँछ । तर, नेपाल सरकारको कार्यमा समन्वय नभएको हुँदा नागरिकहरूको स्वास्थ्यमा धेरै हानि पुर्‍याइरहेको अनुभव नगरवासीले गर्दै छन् । पोलिथिन पाइप बिछ्याउन खाल्डो खन्छ, पाइप घुसार्छ । अनि खाल्डो पुर्छ । काम फत्ते गर्छ । ८-९ दिनपछि फेरि खाल्डो खन्छ र केही दिनपछि खाल्डो पुर्छ । खाल्डो खन्ने र पुर्ने कामले गर्दा धुलो उडेर वातावरण प्रदूषित भई घर-घरमा रुघाखोकीको बिरामी बढेको छ ।

अर्कोतिर ट्राफिक जाम भएको छ । यसले गर्दा यात्रुहरू समयमा पुग्न नपाएर काममा बाधा परेको छ । बिरामी पनि एम्बुलेन्समा छटपटिरहेको अवस्था छ । यसरी लगातार धेरै समयसम्म जाम भएको कारण जनजीवनमा समस्या देखिएको छ । यसकारण, नागरिकहरूलाई अप्ठ्यारो नहुने गरी राति राति काम सञ्चालन भएमा जनतालाई राहत मिल्ला कि ? सम्बन्धित निकाय तथा नगरपालिकाहरूको ध्यान जाओस् ।

*- स्थानीय नागरिक*



पाठक पत्र


majdurdaily@gmail.com

# चन्दारूपी धन्दा : चुनावी बन्ड

✍ राजन

पुँजीवादमा ठुला कर्पोरेटहरूले आफ्नो आर्थिक शक्ति र लबिङको माध्यमबाट सरकारको नीति निर्माण तहमा प्रभाव पार्ने वास्तविकतालाई भारतमा भएको चुनावी ऋणपत्र (Electoral bond) काण्डले पुष्टि गरेको छ । सरकारी नीति र निर्णय प्रक्रियामा ठुला व्यवसायीहरूको स्वार्थ कसरी हाबी हुन्छ भन्ने कुरालाई यो पछिल्लो घटनाक्रमले छर्लङ्ग पारेको छ । भारतीय सर्वोच्च अदालतले निर्वाचन बन्ड योजनालाई असंवैधानिक, सूचनाको हकको उल्लङ्घन गर्ने र अभिव्यक्ति स्वतन्त्रताको हनन गर्ने भनेर फैसला गरेपछि कुन कुन राजनीतिक दलले कुन-कुन कम्पनीसँग कति कति चन्दा पाएका रहेछन् भन्ने कुरा सार्वजनिक भएको छ । चुनावी बन्डको वैधतालाई चुनौती दिने रिटमा फैसला गर्दै सर्वोच्च अदालतले अवैध घोषणा गरेपछि प्रधानमन्त्री मोदी सत्तासीन भारतीय जनता पार्टीको ठुलठुला कर्पोरेट हाउससँग रहेको साँठगाँठको भण्डाफोर भएको छ ।

स्वार्थको मामलामा पुँजीपति र पुँजीवादी राजनीतिक दल एक अर्काका परिपूरक हुन् । आफ्नो स्वार्थ पूर्तिको लागि पुँजीपतिहरूले राजनीतिक दललाई चन्दा दिएर आफ्नो अनुकूल नीति बनाउन लगाउँछन् भने अर्कोतिर आफूले मागे जति चन्दा दिएन भने भ्रष्टाचार नियन्त्रण गर्न गठित सरकारी संयन्त्रको दुरूपयोग गरी टोले गुण्डाहरूले तर्साएर हप्ता असुली गरेजस्तै त्यही पुँजीपतिहरूबाट चन्दा उठाइन्छ । ठुलठुला खानीसँग सम्बन्धित कम्पनी, निर्माण व्यवसायीहरू आदि सरकारी ठेक्का हात पार्न सरकारलाई चन्दा दिने गर्छन् भने अर्कोतिर चन्दा नदिने पार्टीलाई हाम्रो देशको अख्तियार दुरूपयोग आयोगजस्तो 'सीबीआई' र 'ईडी' जस्ता भारतीय सरकारी संस्थाको प्रयोग गरेर अनुसन्धानको नाममा तर्साएर सतारुढ दल भाजपाले चन्दा सङ्कलन गर्थ्यो । विकृति यतिसम्म रह्यो, कोरोनाकालमा मापदण्ड पूरा नगरेका औषधि कम्पनीलाई कारबाही गर्‍यो । तर, त्यसको एक हप्तापछि निर्दोष भनेर मुक्त गरियो । अहिले आएर थाहा भयो, ती कम्पनीले भाजपालाई चुनावी बन्डरूपी चन्दा दिएर कुरा मिलाएको रहेछ । त्यसैगरी, भाजपालाई १ अर्ब ५० करोड चन्दा दिने एउटा कम्पनी यस्तो थियो जसले




आफ्नो कम्पनीको कर्मचारीलाई तलबसमेत समयमा उपलब्ध गराएको थिएन । अर्को चाखलाग्दो तथ्य, २ अर्ब ५० करोड नाफा गर्ने एउटा कम्पनीले त १३ अर्ब बराबरको बन्ड भाजपालाई दिएको थियो । यसबाट के पुष्टि हुन्छ भने एकातिर देश र जनताको अकुत पैसा लुट्ने अर्कोतिर सरकारलाई तिर्नुपर्ने कर छल्ने अनि त्यसको केही अशं राजनीतिक दललाई चन्दा दिने ।

आश्चर्यको कुरा के हो भने केही लुगाफाटा र केही रकम सहयोग गर्नेले ठुलठुला अक्षरमा आफ्नो नाम लेख्न लगाउँछन् । मन्दिरमा एउटा ऐना दान दिँदा पनि आफ्नो नाम लेखाउँछन् । तर, राजनीतिक दललाई अरबौँ रूपैयाँ चन्दा दिनेले आफ्नो नाम किन लुकाउन चाहन्छ ? यसबाट प्रमाणित हुँदैन र ? कि राजनीतिक दलले पुँजीपतिको स्वार्थ पूरा गरेबापत नै यस्तो गोप्य चन्दा पाएको भन्ने कुरा ।

**इलेक्टोरल बन्ड के हो ?**

अर्थशास्त्र विषयको आधारमा भन्नुपर्दा बन्डको अर्थ तोकिएको समयपछि ब्याजसहित सावाँ फिर्ता पाउने ऋणपत्र भन्ने बुझिन्छ । तर, यो चुनावी बन्ड भनेको राजनीतिक दललाई गोप्यरूपमा दिइने चन्दा हो जसबाट ब्याजमात्र होइन सावाँ पनि पाइँदैन । सन् २०१८ मा चुनावी बन्डहरू भारतमा राजनीतिक चन्दालाई अझ पारदर्शी बनाउने माध्यमको रूपमा प्रस्तुत गरिएको आर्थिक औजारहरूमध्ये एक थिए । प्रणालीले व्यक्ति र कम्पनीहरूले भारतीय स्टेट बैङ्कको तोकिएका शाखाहरूबाट १००० भारुदेखि १ करोडसम्मको मूल्यमा यी बन्डहरू किन्न सक्छन् । बन्ड खरिदकर्ताले आफ्नो मनपर्ने कुनै पनि राजनीतिक दललाई यी बन्डहरू चन्दाको रूपमा दिन सक्छन् र दलहरूले आफ्नो तोकिएको बैङ्क खाताबाट नगद झिक्छन् । दाताको पहिचान गोप्य राखिएको हुन्छ । यसो भनिए पनि अल्ट्राभ्वाइलेट किरण देखाएपछि चुनावी बन्डमा रहेको नम्बर देखापर्छ । यो प्रविधिको माध्यमबाट सरकारले चाहेमा कुन पार्टीलाई कुन व्यक्ति वा कम्पनीले चन्दा दिएको हो भनेर सजिलै पत्ता लगाउन सकिन्छ । त्यसैले यस्तो गोप्यता सतारुढ राजनीतिक दलको निम्ति नभई अरूको लागि मात्र हुने गर्छ ।

सत्तारुढ दल प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) को लागि चुनावी बन्ड गोप्य लाभको माध्यम बनेको थियो । भारतको चुनावी बन्ड प्रणालीले मुख्यतया दाताको गोपनीयतामार्फत सत्तारुढ दललाई फाइदा पुर्‍यायो । चुनावी बन्डहरूद्वारा प्रदान गरिएको बेनामीपनले कर्पोरेटहरूले सार्वजनिक छानबिनको डरबिना भारतीय जनता पार्टीलाई सहयोग गरे । व्यक्तिगत पहिचान खुलासा नगरी पर्याप्त चन्दा सत्तारूढ दलले पाइरहेको थियो । सत्तारुढ दल भाजपाले आर्थिक सहयोगको निरन्तर स्रोतको रूपमा कुल चुनावी बन्डको झन्डै ५० प्रतिशत हिस्सा हात पारेको थियो । बन्डबाट पाएको ठुलो धनराशीले चुनाव प्रचार र अन्य राजनीतिक गतिविधिहरूमा आफ्नो हातमाथि पर्दा २०१९ को चुनावमा भाजपा पुनः बहुमतले जितेको थियो । वास्तवमा वर्तमान चुनाव प्रणाली नै यस्तो छ, जसअन्तर्गत पैसाकै जगमा चुनाव जितिन्छ । यो रोग हाम्रो देशमा पनि विद्यमान छ ।

चुनावी बन्ड राजनीतिक दलको कोषमा पारदर्शिता र जवाफदेहितालाई कमजोर बनाएको छ । यसले राजनीतिक दलहरूको आम्दानीका स्रोतहरू पत्ता लगाउन गाह्रो बनाएको छ । पुँजीपतिहरूले राजनीतिक दलहरूलाई अवैध वा अघोषित रकम दिँदा यस प्रणालीको दुरूपयोग भइरहेको थियो । चुनावी बन्डले कुनै पनि स्रोतबाट असीमित, बेनामी चन्दालाई वैधानिकता दिन्छ, जसले कर्पोरेट कम्पनीहरूलाई सत्तारूढ दललाई प्रायोजित गर्न र सरकारी निर्णयहरूलाई प्रभाव पारेर नीतिगत भ्रष्टाचार गर्न सहज बनाएको थियो ।

भारतीय राजनीतिक दलहरू सबैले इलेक्टोरल बन्डको रूपमा गोप्य चन्दा पाएका थिए । यद्यपि, अहिले भाजपाबाहेक सबै विपक्षी दलहरूले इलेक्टोरल बन्डको खुलेर विरोध गरेका छन् । तर, यस्तो विकृत चन्दारूपी धन्दाको भारतीय कम्युनिस्ट पार्टीले भने सुरुदेखि नै विरोध गर्दै बन्डको रूपमा चन्दा लिएको थिएन । यसले वास्तविक कम्युनिस्टहरू आर्थिक पारदर्शितामा एक पाइला अगाडि रहेको पुष्टि गर्छ । हाम्रै देशको सन्दर्भलाई जोड्ने हो भने नेपाल मजदुर किसान पार्टीले ठुलठुला व्यवसायीबाट चन्दाको लोभमा उनीहरूको पक्षपोषण हुने भाषा कहिल्यै बोल्दैन । भारतमा हुने हरेक घटनाक्रमबाट प्रभावित हुने हाम्रो देशमा यस्तो हप्ता असुली पाराको इलेक्टोरल बन्डको अभ्यास नभित्रियोस् भन्नेबारेमा नेपालीहरू सचेत हुन जरुरी छ ।

# क्युबाबारे तीन झूट

– लिबरेसन न्युज संवाददाता

कर्पोरेट मिडियाहरूमा आज क्युबा र त्यहाँको क्रान्तिमाथि हमला गरेर तीनवटा कथाको खुब प्रचार गरिन्छ । लोडसेडिङ र खाद्यान्न कमीलाई लिएर सान्टियागो सहरमा प्रदर्शन भएपछि संरा अमेरिकाको बाइडेन सरकारले क्युबामा सङ्कट चर्किने आशा लिएको छ । तर, क्युबाको कठोर जीवनचर्याको वास्तविक कारक अमेरिकी सरकार आफै हो ।

यो साम्राज्यवादको चिरपरिचित चाल हो । सन् १९७३ मा अमेरिकी गुप्तचर निकाय सीआईएले चिलीमा सत्ताविद्रोह गरायो र निर्वाचित राष्ट्रपति साल्भाडोर एयेन्डेलाई सत्ताच्युत गर्‍यो । अमेरिकाको निक्सन सरकार चिलीको 'अर्थतन्त्रलाई रन्थन्याउन' चाहन्थ्यो । त्यसपछि चिली सरकारले जनताको विश्वास गुमाउने उसले आश लिएको थियो । तर, क्युबा फर्केर पुनः वासिङटन र वालस्ट्रीटको उपनिवेश बन्न आवश्यक छैन । बरु, क्युबा बाइडेनको नाकाबन्दी अन्त्य भएको देख्न चाहन्छ !

**झूट नम्बर १ : विद्युत् र खाद्यान्न अभाव क्युबा सरकारको बिफलताको परिणाम हो ।**

**सत्य :** ६० वर्षदेखि अमेरिकी सरकारले बाँकी विश्वबाट अलग्याएर क्युवाली अर्थतन्त्रको घाँटी थिच्दै आएको छ । अमेरिकी कम्पनी वा व्यक्तिहरूलाई क्युबासँग व्यापार गर्न अनुमति दिइन्न । नाकाबन्दीको अर्थ यत्ति होइन । विश्वका कुनै पनि देशका व्यक्ति वा संस्थाले क्युबासँग व्यापार गरेको खण्डमा ती व्यक्ति वा संस्थालाई संरा अमेरिकामा व्यापार गर्नमा रोक लगाइन्छ । यो नाकाबन्दीका कारण क्युबाले दैनिक डेढ करोड डलर गुमाउँदै आएको छ ।

क्युबालाई इन्धन आयात गर्नमा रोक लगाइएको छ । त्यही भएर बेलाबेला विद्युत्गृह बन्द गर्नुपर्ने हुन्छ । साथै, क्युबालाई बाहिरबाट मेसिनका पार्टपुर्जा किन्न दिइन्न । त्यसैले यी विद्युत्गृहको कुनै हिस्सा भाँच्चियो भने त्यसको मर्मतसम्भार असम्भव हुन जान्छ । आधुनिक कृषि मेसिनमा पनि त्यही समस्या छ । जलवायु परिवर्तनका कारण आँधीबेहरी झन्झन् जोडदार बन्दै छ । यसले क्युबाको अन्नबालीमा ठुलो क्षति पुग्दै छ । नाकाबन्दीका कारण बाहिरबाट अन्न ल्याउन पनि मिल्दैन ।

**झूट २ : जनतालाई दबाउन क्युबा सरकारले हिंसाको प्रयोग गर्छ ।**

**सत्य :** बियाट्रिज जोन्सन उरुसिया कम्युनिस्ट पार्टी सान्टियागो शाखाका नेता हुन् । प्रदर्शनकारीहरूको पीडा सुन्न नसकेर उनी आफैँ आन्दोलनमा पुगेका थिए । क्युवाली राष्ट्रपति मिगुएल डायज-कानलले प्रदर्शनकारीहरूलाई भन्नुभयो, "नाकाबन्दी निसास्सिँदो छ, तैपनि हामीले हाम्रा जनताको माग पूरा गर्न, तिनका कुरा सुन्न, तिनीहरूसँग संवाद गर्न र परिस्थिति सुधार्न गरिएका प्रयासहरूबारे बताउन छोड्नेछैनौँ ।" सरकारका अगुवाहरूले परिस्थितिको फाइदा उठाउँदै बाह्य शक्तिहरूलाई हिंसा भड्काउन दिन नहुने विषयमा आन्दोलनकारीहरूलाई सचेत पारेका छन् ।

यसलाई अमेरिकी सरकारका गतिविधिसँग तुलना गरौँ । सन् २०२० मा अमेरिकामा जातिवादविरुद्ध लाखौँ जनता सडकमा आए । त्यसबेला के राष्ट्रपति डोनाल्ड ट्रम्प जनताको समस्या सुन्न सडकमा पुगे ? पुगेनन् ! बरु आन्दोलनकारीहरूलाई दबाउन उनले सेना र प्रहरीलाई आदेश दिए । यही हो हुनेखाने धनाढ्यहरूको सेवा गर्ने पुँजीवादी सरकार र जनताको सेवा गर्ने समाजवादी सरकारबिचको भिन्नता ।

**झूट ३ : राष्ट्रपति बाइडेनलाई क्युवाली जनताको 'प्रजातन्त्र' र 'मानवअधिकार' को चिन्ता छ ।**

**सत्य :** अमेरिकी नाकाबन्दी हटाएर बाइडेनले क्युवाली जनतालाई सास फेर्न दिन सक्छन्; बाँच्न दिन सक्छन् । तर, उनी क्युवाली जनताको कठोर जीवनचर्याको पक्षमा छन् । तबमात्र अमेरिकी सरकारले क्युवाली क्रान्तिको घाँटी निमोठ्न सक्छ । अलिकति पनि दया भए बाइडेनले क्युवालाई अनर्थकारी राज्यनियोजित आतङ्कको सूचीबाट तुरुन्तै हटाउन सक्छन् र ट्रम्पले क्युबामाथि थोपरेको थप २४३ प्रतिबन्धहरू फुकुवा गर्न सक्छन् । तर, उनलाई क्युवाली जनताको स्वाभिमानपूर्वक बाँच्ने अधिकारमा रत्तिभर रुचि छैन ।

क्युवाली जनताले आफ्नो नेता आफैँ निर्वाचित गर्छन् र राज्यको निर्णय प्रक्रियामा भाग लिन्छन् । यहाँ प्रजातन्त्र वा लोकतन्त्रको कुरा छैन । त्यहाँको सरकारले वासिङ्टनप्रति बफादार छ कि छैन भन्ने कुरामा अमेरिकाको चासो छ । साउदी अरबमा राजाको तानाशाही छ । तर, त्यो सत्तामा बाइडेनका राम्रा साथीहरू छन् । बाइडेनलाई साँच्चै उत्प्रेरित गरेको एउटा कुत्सित आकाङ्क्षाले हो । उनी क्युवालाई क्रान्तिअघिको जस्तै अमेरिकी कर्पोरेसनहरूले जबरजस्ती उपनिवेश बनाएको हेर्न चाहन्छन् । तर, जनताले मात्र बाइडेनलाई यो दुष्कर्म गर्नबाट रोक्न सक्छन् !

*(एमआर अनलाइनबाट ।)*

*अनुवाद : सम्यक*

# व्यापार र अर्थतन्त्रमा चीन – संरा अमेरिकाबिच परस्पर हितकारी एवम् जित–जित सहकार्य – २

**३) चीन र संरा अमेरिका महत्त्वपूर्ण लगानी साझेदारहरू हुन्**

चीनका लागि संरा अमेरिका वैदेशिक लगानीको प्रमुख स्रोत हो । MOFCOM का अनुसार सन् २०१७ को अन्त्यसम्म चीनमा संरा अमेरिकी लगानीको उद्योग, कम्पनी, इन्टरप्राइजेज लगभग ६८ हजारको सङ्ख्यामा थियो । जसको वास्तविक लगानी ८३ अर्ब अमेरिकी डलरभन्दा माथि थियो । संरा अमेरिकामा चिनियाँ कम्पनी र उद्योगहरूले प्रत्यक्ष लगानी तीव्रत्तर बढाएसँगै पछिल्लो समय चिनियाँ लगानीका लागि पनि अमेरिका महत्त्वपूर्ण गन्तव्यस्थल बनेको छ ।

चीनको बाहिरी लगानी बढेसँगै अमेरिकामा चिनियाँ कम्पनीहरूको प्रत्यक्ष लगानी सन् २००३ मा ६ करोड ५० लाख अमेरिकी डलरबाट सन् २०१६ सम्ममा १६.९८ अर्ब अमेरिकी डलर पुगेको तथ्याङ्क छ ।


सन् २०१७ को अन्त्यसम्म संरा अमेरिकामा चिनियाँ प्रत्यक्ष लगानीको स्टक (Stock) लगभग ६७ अर्ब अमेरिकी डलर रहेको MOFCOM को अध्ययनले देखायो । यसबिच अमेरिकामा चीनले उल्लेख्य वित्तीय लगानी पनि बढाएको देखिन्छ । संरा अमेरिकी सरकारको कोष (Treasury) विभागका अनुसार सन् २०१८ मे महिनाको अन्त्यसम्ममा संरा अमेरिकी ट्रेजरी बिलको (अल्पकालीन ऋणपत्र अर्थात् विश्वासको आधारमा एक वर्ष वा सोभन्दा कम अवधिका लागि उठाइएको आन्तरिक ऋण) ११ खर्ब ८० अर्ब अमेरिकी डलर बराबरको भाग चीनले ओगट्छ ।

**४) व्यापारिक र आर्थिक सहकार्यबाट चीन र अमेरिका दुवैलाई उल्लेख्य लाभ मिलेको छ -**

व्यापारिक र आर्थिक सहकार्यबाट दुवै देशले बृहत्तर लाभ र 'जित-जित' प्रतिफल प्राप्त गरेको जगजाहेर छ । चीन-अमेरिका सहकार्यले चीनको आर्थिक उन्नयन र जनताको जीवनमा सकारात्मक परिवर्तन ल्यायो । आर्थिक विश्वव्यापीकरणको पृष्ठभूमिविरुद्ध अमेरिकासहित अन्य देशसँग चीनको व्यापार र लगानी सहकार्य बलियो बनेको छ । दुई देशको खुला बजारले चिनियाँ कम्पनीलाई विश्वव्यापी औद्योगिक शृङ्खला र मूल्य चक्रमा अग्रपङ्क्तिमा पुग्न सघाएको छ । यसले चिनियाँ आर्थिक वृद्धिका लागि विशाल बाह्य बजार खुला गरिदिएको छ ।

सन् २०१७ सम्ममा करिब ४१ खर्ब अमेरिकी डलर बराबरको कुल वस्तु आयात-निर्यातको तथ्याङ्कबाट चीन विश्वको सबैभन्दा ठुलो वस्तु निर्यात या व्यापार गर्ने देशको रूपमा देखियो । यसको लागि सुधार र खुलापनको ४० वर्षभित्रमा भएको आर्थिक विकासप्रति कृतज्ञ छौँ । कुल सेवा आयात-निर्यातको ६९५.६८ अर्ब अमेरिकी डलरसहित चीन विश्वकै दोस्रो ठुलो सेवा व्यापारी या निर्यातकर्ता बन्यो । कुल भित्रिएको प्रत्यक्ष वैदेशिक लगानी १३६ अर्ब अमेरिकी डलरसहित चीन दोस्रो ठुलो प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment, FDI) प्राप्तकर्ता देशमा गनियो ।

चीनको प्रविधिमा भएको आविष्कार, बजार व्यवस्थापन र प्रशासनिक सृजनशीलताको लागि अमेरिकी फर्महरूको अनुभवबाट पनि चीनले जरुर सिकेको छ । प्रतिस्पर्धात्मक बजार विकास गर्न, औद्योगिक दक्षता हासिल गर्न, प्रविधि र व्यवस्थापनमा अगाडि बढ्न चीनलाई हौसला प्राप्त भएको यथार्थ हो ।




अमेरिकाबाट निर्यात हुने यान्त्रिक, विद्युतीय उत्पादन र कृषिजन्य उत्पादनको चिनियाँ बजारमा माग ठुलो छ तर मागअनुसारको पूर्ति अमेरिकाले गर्न सकेन । यद्यपि, त्यसको सन्तोषजनक व्यवस्थापन स्वयम् चीन गर्दै छ । विशेषत: उच्च मूल्यका वस्तुको माग र पूर्तिबिच सन्तुलन कायम राख्न उपभोक्तालाई छनौटको विविधता प्रदान गऱ्यो । अर्थात्, उपभोक्ताको क्रयशक्तिकेन्द्रित वस्तुहरू चीनले विश्वबजारमा उपलब्ध गरायो ।

त्यही अवधिमा संरा अमेरिकाले विस्तृत दायरामा (Wide range) व्यापारको अवसर प्राप्त गऱ्यो । सीमापारिको लगानी र चिनियाँ बजारमा प्रवेशजस्ता अवसरले संरा अमेरिकाको आर्थिक वृद्धि, उपभोक्ता हितमा सुधार र आर्थिक संरचनामा स्तरोन्नतिका लागि ठुलो भूमिका खेल्यो ।

व्यापार र आर्थिक सहकार्यले संरा अमेरिकाको आर्थिक वृद्धिसँगै मुद्रास्फीति न्यूनीकरणमा सघायो । संरा अमेरिका चीन व्यापार परिषद् (China Business Council) र अक्स्फोर्ड अर्थशास्त्रको संयुक्त अध्ययनले बताउँछ- सन् २०१५ मा चीनबाट गरिएको आयातले संरा अमेरिकाको कुल गार्हस्थ उत्पादनमा ०.८ प्रतिशतले वृद्धि गऱ्यो । चीनमा गरिएको निर्यात र दोहोरो लगानीले अमेरिकी कुल गार्हस्थ उत्पादनमा २१६ अर्ब अमेरिकी डलर बराबरको योगदान गऱ्यो । अमेरिकाको आर्थिक वृद्धि दर १.२ प्रतिशतले वृद्धि गर्न सघायो ।

चीनबाट Value for money अर्थात् न्यूनतम मूल्यमा अधिकतम सन्तुष्टि प्राप्त गर्न सकिने वस्तुहरूको उत्पादनले अमेरिकी उपभोक्ताको उपभोग्य क्षमतालाई बढाएको छ । उदाहरणका लागि सन् २०१५ मा उपभोक्ता मूल्य सूचाङ्क १ देखि १.५ प्रतिशतले घट्यो । न्यून मुद्रास्फीतिको वातावरणले संरा अमेरिकामा बृहत् आर्थिक नीतिको विस्तारका लागि फराकिलो ठाउँ प्रदान गऱ्यो ।

दुईपक्षीय सहकार्यले संरा अमेरिकामा ठुलो सङ्ख्यामा रोजगारी सृजना गऱ्यो । संरा अमेरिका - चीन व्यवसाय परिषद्को विश्लेषणअनुसार चीनमा संरा अमेरिकाले गर्ने निर्यात र अमेरिका-चीन दोहोरो लगानीको सहयोगमा अमेरिकामा मात्र सन् २०१५ मा २६ लाख रोजगारी सृजना भयो । विशेषत: अमेरिकाको ४६ ओटा राज्यमा चिनियाँ लगानीले ओगटेको छ । अमेरिकाका लागि चीनले निर्माण क्षेत्र (Manufacturing) मा मात्र १ लाख ४० हजारभन्दा बढी रोजगारीको अवसर प्रदान गरेको छ ।

सहकार्यले सबैभन्दा बढी र वास्तविक लाभ अमेरिकी उपभोक्ताहरूलाई भएको छ । दुईपक्षीय व्यापारले विशेषत: न्यून र मध्यम आम्दानी समूहका उपभोक्ताको छनोटमा विविधता र व्यापकता बढाइदियो । यसरी जीवनयापनको लागत घट्यो र अमेरिकी जनताको वास्तविक उपभोग्य क्षमता बढ्यो ।

संरा अमेरिका-चीन व्यापार परिषद्को सन् २०१५ को तथ्याङ्कअनुसार चीनसँगको व्यापार सम्बन्धले प्रत्येक वर्ष अमेरिकी परिवारले आफ्नो खर्चको ८५० अमेरिकी डलर बचत गर्न थालेका छन् । यो संरा अमेरिकामा औसत प्रतिघर आम्दानीको १.५ प्रतिशत हुन आउँछ ।

दुईपक्षीय सहकार्यले ठुलो सङ्ख्यामा व्यवसायका अवसरहरू र अमेरिकी व्यवसायहरूमा उल्लेख्य नाफा सृजना गऱ्यो । चीन विश्वकै विशाल र तीव्ररूपले विकास भइरहेको अर्थात् उदीयमान बजार भएकैले अमेरिकी व्यवसायीले सहकार्यबाट अधिकतम अवसर प्राप्त गरे ।

संरा अमेरिका-चीन व्यापार परिषद् २०१७ को प्रान्तीय निर्यात प्रतिवेदनका अनुसार व्यापार परिप्रेक्ष्यबाट विश्लेषण गर्दा सन् २०१७ मा अमेरिकाका ४३ ओटा प्रान्तहरूका प्रमुख ५ निर्यात बजारमध्ये चीन पनि एउटा थियो । सन् २०१६ मा सम्पूर्ण ५० ओटा प्रान्तहरूको लागि सेवा क्षेत्रको प्रमुख ५ निर्यात बजारमा चीन पनि एउटा थियो । सन् २०१७ मा मात्र प्रत्येक अमेरिकी कृषकले औसतमा १० हजार अमेरिकी डलरभन्दा माथिको कृषिजन्य उत्पादन चीनमा निर्यात गरे ।

लगानीको दृष्टिकोणबाट हेर्दा सन् २०१५ मा संरा अमेरिकाले लगभग ५१७ अर्ब अमेरिकी डलर बराबरको बिक्री राजस्व र ३६ अर्ब अमेरिकी डलरभन्दा माथिको नाफा चीनबाट मात्र प्राप्त गरेको MOFCOM ले जनायो । सन् २०१६ मा संरा अमेरिकाको बिक्री-राजस्व करिब ६०६.८ अर्ब अमेरिकी डलर पुग्यो । नाफा बढेर ३९ अर्ब अमेरिकी डलर नाघ्यो । सन् २०१७ मा प्रमुख तीन अमेरिकी गाडी (कार) निर्माणकर्ताहरूले चीनमा संयुक्त लगानी (Joint Venture) को माध्यमबाट कुल ७.४४ अर्ब अमेरिकी डलर नाफा कमायो । सोही वर्ष ३० लाख ४० हजार अमेरिकी यात्रुवाहक सवारीसाधन चीनमा बिक्री गऱ्यो । यो चीनमा बिक्री गरिने कुल यात्रुवाहक सवारीसाधनको १२.३ प्रतिशत हो । जेनरल मोटर्सकै मात्र चीनमा दश ओटा संयुक्त लगानी छन् । चीनमा मात्र यसको कुल विश्वव्यापी उत्पादनको ४० प्रतिशत ओगट्छ । चीनमा चिप्स बिक्री र प्याटेन्ट रोयल्टीबाट अमेरिकी कम्पनी क्वाल्कम (Qualcom) को आम्दानीले उसको कुल आम्दानीको ५७ प्रतिशत भाग ओगट्छ । चीनमा इन्टेल्सको आम्दानी (Intel's) ले (हङकङसहित) यसको कुल आम्दानीको २३.७ प्रतिशत ओगट्छ । आर्थिक वर्ष २०१७ मा एपल कम्पनी (Apple Inc) को चीनबाट १९.५ प्रतिशत आम्दानी रह्यो ।

सन् २०१७ जनवरीको अन्त्यसम्ममा १३ ओटा संरा अमेरिकी बैङ्कहरूले चीनमा शाखाहरू खोले र अमेरिकी बिमा कम्पनीहरूले चीनमा बीमा फर्महरूको सञ्चालन गरे । गोल्डम्यान साक्चस् (Goldman Sachs), अमेरिकन एक्सप्रेस, बैङ्क अफ अमेरिका, मेटलाइफ (Metlife) लगायत अन्य अमेरिकी वित्तीय सङ्घसंस्थाहरूले आफ्नो रणनीतिक लगानीमार्फत चिनियाँ वित्तीय सङ्घसंस्थाबाट यथेष्ट नाफा ग्रहण गरे ।

चीनको धितो नियमन आयोगका अनुसार चिनियाँ कम्पनीहरूले विदेशमा गर्ने लगानीको प्राथमिक शेयर (IPO) र पुनर्कर्जाबाट उठाउने ७० प्रतिशतको प्रमुख प्रत्याभूतकर्ता र सहायक प्रमुख प्रत्यायभूतकर्ता (Co-lead underwriter) अमेरिकी इन्भेस्टमेन्ट बैङ्कहरू हुन् । संरा अमेरिकी कानुन फर्मले चीनमा मात्र करिब १२० कार्यालय सञ्चालन गरेको छ ।


दुईपक्षीय व्यापार र आर्थिक सहकार्यले औद्योगिक उन्नयनलाई थप बढावा दिएको छ । चीनसँगको आर्थिक र व्यापारिक सहकार्यका कारण दुई देशका प्रतिस्पर्धी उत्पादनका साधनहरूको संयोजनबाट संरा अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो अन्तर्राष्ट्रिय प्रतिस्पर्धा क्षमतालाई तिखारेका छन् । उदाहरणका लागि आइफोन (Iphone) को डिजाइन अमेरिकामा भयो भने त्यसको स्वरूप निर्माण र पार्टपुर्जा जडान चीनमा भयो अनि विश्व बजारमा बिक्री गरियो । गोल्डमेन साक्चस्को प्रतिवेदनअनुसार सन् २०१७ मा एपल इन्क (Apple Inc) ले यसको सम्पूर्ण उत्पादन र जडान संयन्त्रलाई चीनबाट संरा अमेरिकामा स्थानान्तरण गऱ्यो । परिणामत: आइफोनको उत्पादन लागत ३७ प्रतिशतले वृद्धि भयो ।

प्राविधिक सहकार्यमार्फत संरा अमेरिकी कम्पनीहरू जसले चीनमा बिक्री र लगानी गरेका छन् ती कम्पनीहरूले चीनमा क्लाउड कम्प्युटिङ (Cloud Computing) र आर्टिफिसियल इन्टेलिजेन्सको फाइदा लिएको देखिन्छ । यही कारण बदलिँदो विश्वव्यापी बजारमा अमेरिकी उत्पादनले अनुकूल स्थान प्राप्त गरेको हो । संरा अमेरिकी कम्पनीहरूका लागि सामग्री उत्पादन गरी चीनले अमेरिकालाई नवीन खोज र व्यवस्थापनमा बढी लगानी गर्न सक्षम बन्न सघायो । उच्च मूल्यको अत्याधुनिक उत्पादन र आधुनिक सेवामा केन्द्रित हुन एवम् धेरै मूल्य अभिवृद्धि तथा प्रविधियुक्त उद्योगको उन्नयनका लागि चीनसँगको सहकार्यले टेवा पुऱ्यायो । यसले संरा अमेरिकाको ऊर्जा र स्रोतहरूको जगेर्ना गर्न, पर्यावरणीय संरक्षणमा बढेको दबाब न्यूनीकरण गर्न र विश्वमा संरा अमेरिकालाई अझ बढी प्रतिस्पर्धी बनाउन सहयोग गरेको प्रस्ट हुन्छ । सामान्यत: चीन-अमेरिका व्यापार तथा आर्थिक सहकार्य 'जित-जित' सम्बन्ध नै हो । यसले संरा अमेरिकी कम्पनीहरूलाई ठोस लाभ भए पनि यो कुनै पनि आधारमा एकले फाइदा लिने र अर्कोले गुमाउने खेल अर्थात् 'जेरो सम गेम' (Zero-sum game) होइन । केही अमेरिकीहरू दाबी गर्छन्- संरा अमेरिका यस सम्बन्धमा 'हार्दै छ' । मिहिन ढङ्गले अध्ययन गर्ने हो भने उक्त दाबी सही साबित हुनेछैन ।

*The Facts and China's Position on China- US Trade Friction*
*September 2018*

***अनुवाद : हौसला***

***स्रोत : चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***




*रेखाचित्र ३ : संरा अमेरिकी बौद्धिक सम्पत्ति प्रयोगका लागि चीनको भुक्तानी*

स्रोत : MOFCOM, China

# लन्डनमा दुई लाख प्रदर्शनकारीहरुद्वारा गाजामा युद्धविरामको माग




लन्डन, ३१ मार्च (टेलेसुर)। गाजामा तत्काल युद्धविरामको माग गर्दै संयुक्त अधिराज्य (बेलायत) को राजधानी लन्डनमा शनिबार भएको प्रदर्शनमा दुई लाखभन्दा बढी मानिस सहभागी भएको मार्च आयोजना गरेको सङ्गठनले जनाएको छ। गत अक्टोबरमा हालको द्वन्द्व सुरु भएयता बेलायतको राजधानीमा भएको यो एघारौँ विशाल जनप्रदर्शन हो।

प्यालेस्टिनी एकता अभियान, युद्ध रोक र आणविक नि:शस्त्रीकरणको अभियानले संयुक्त रूपमा आयोजना गरेको विरोध प्रदर्शनमा 'यहुदीहरू नरसंहारको विरुद्धमा', 'इजरायललाई हतियार बन्द गर' वा 'सिज फायर नाउ' प्रयोग गरिएका केही नाराहरू थिए।

प्रदर्शनको अन्त्यमा सबै उमेर र परिवारका मानिसहरूको उपस्थिति थियो, बेलायती लेबर पार्टीका पूर्वनेता जेरेमी कोर्बिन र ब्रिटिश-इजिप्टियन अभिनेता खालिद अब्दल्लाले भाषण दिनुभयो।

बेलायती लेबर पार्टीका पूर्वनेता जेरेमी कोर्बिनले एक भाषण दिँदै संयुक्त अधिराज्य (बेलायत) संयुक्त राज्य अमेरिका र अन्य देशका सरकारहरूको 'इजरायलसँग हतियारको डरलाग्दो व्यापार' जारी राख्ने आलोचना गर्नुभयो र आजको समयमा के देखिरहेको छ भनी स्पष्ट पार्नुभयो।

अर्कोतर्फ नेटफ्लिक्स शो 'द क्राउन' मा डोडी अल फयदको भूमिका निभाउने र ग्लोबल टेलिभिजनमा 'गाजामा जीवनको मूर्खतापूर्ण विनाश' कार्यक्रम चलाउने बेलायती-इजिप्टियन अभिनेता खालिद अब्दल्लाले आफू आफ्ना छोराछोरीसहित विरोध प्रदर्शनमा सहभागी भएको बताउनुभयो र आफूले न्यायपूर्ण संसारको सपना देखेको बताउनुभयो।

"प्यालेस्टाइनमाथि कब्जाको अन्त्यको लागि प्रश्न उठाउनुहोस्। हामी यसलाई अर्को पुस्तासम्म जारी राख्न दिन सक्दैनौँ," उहाँले भन्नुभयो।

लन्डनको डाउनटाउनको रसेल र ट्राफलगर स्क्वायरमा भएको मार्च शान्तिपूर्णरूपमा पारित हुँदा, प्रहरीले यस देशमा प्रतिबन्धित सङ्गठनलाई समर्थन माग्ने एक व्यक्तिलाई पक्राउ गरेको छ, अधिकारीहरूले भने। यद्यपि कुनै विवरण दिइएको छैन, यो हमास सदस्य हुन सक्छ, जसको सशस्त्र विंग ब्रिटिश क्षेत्रमा २००१ देखि प्रतिबन्धित छ।

यो विरोध प्रदर्शन प्यालेस्टिनी भूमि दिवस मार्च ३०, १९७६ को घटनाहरूको सम्झनामा आयोजित गरिएको थियो। जुन मितिमा इजरायलका अरबहरू र प्यालेस्टिनीहरूको लागि महत्त्वपूर्ण मिति, जुन मितिमा इजरायल राज्यले आफ्नो भूमि अतिक्रमण गरेकोमा विरोध गरिरहेका छन्।

गाजा स्वास्थ्य अधिकारीहरूको तथ्याङ्कअनुसार गाजापट्टीमा ७ अक्टोबर , २०२३ देखि सुरु भएको जियोनिस्ट आक्रमणको झन्डै ६ महिनापछि गाजापट्टीमा मृतकको कुल सङ्ख्या ३२४९० र घाइतेहरूको सङ्ख्या ७४,८८९ पुगेको छ।

# गाजामा युद्धविराम गर्न कायरमा वार्ताको तयारी

कायरो, ३१ मार्च (एएफपी)। इजरायल र हमासबिच विश्वासको वातावरण निर्माण गर्ने उद्देश्यले इजिप्टको कायरोमा आइतबार वार्ता सुरु हुँदैछ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले वार्ताप्रति सकारात्मक सङ्केत गरेसँगै वार्ताको वातावरण बनेको इजिप्टको एक सञ्चारमाध्यम अल-काहेराले जनाएको छ।

उक्त अखबारले इजिप्टको सुरक्षा स्रोतलाई उद्धृत गर्दै इजिप्टको राजधानी कायरोमा सोमबार वार्ता हुन लागेको बताएको छ।

इजिप्ट, कतार र इजरायलको मुख्य सहयोगी संयुक्तराज्य अमेरिकाले यसअघिका बैठकको पनि मध्यस्थता गरेका थिए तर ती वार्तामा खासै प्रगति हुन सकेको थिएन।

यसअघिका वार्तामा रमादान अघि नै युद्धविराम गर्ने प्रयास गरिएका थिए तर दुवै पक्षबिचको गतिरोधको अन्त्य हुन सकेन। अहिले मुस्लिम समुदायको पवित्र रमादानको आधा महिना बितिसकेको छ।

गत शुक्रबार नेतान्याहुले दोहा र कायरोमा नयाँ चरणको युद्धविराम वार्ता गर्ने गरी स्वीकृति प्रदान गर्नुभएको थियो।

प्रधानमन्त्रीको कार्यालयले प्रधानमन्त्री नेतान्याहुले इजरायली गुप्तचर निकाय (मोसाद) का प्रमुख डेभिड बार्नीलाई वार्ताका बारेमा बताइसक्नु भएको जनाएको छ। तर, बार्नी स्वयं यी वार्तामा सहभागी हुने वा नहुने बारेमा केही बताइएको छैन।

गाजामा बन्धक बनाइएका परिवारका सदस्यले इजरायलको ठुलो शहरको मुख्य राजमार्गमा विरोध प्रदर्शन गरेपछि सरकारले पुन: वार्ताको पहल थालेको अनुमान गरिएको छ। प्रदर्शनकारीले बन्धक छुटाउन र गाजामा इजरायलले गरिरहेको युद्धप्रति विरोध जनाएका थिए।

हमास विद्रोहीले अक्टोबर ७ का दिन इजरायली भूमिमा प्रवेश गरी २५० जनालाई बन्धक बनाएका थिए जसका कारण इजरायल र हमासबिच भिषण युद्ध जारी छ। इजरायलको अनुमानमा १३० जना अझै पनि हमासको नियन्त्रणमा रहेका र ३३ जना मारिएका छन्।

युद्धविरामको एक प्रमुख शर्त भनेको गाजामा बन्धक बनाइएका इजरायलीलाई मुक्त गर्ने र इजरायलको जेलमा रहेका प्यालेस्टिनीलाई छाड्ने रहेको छ।

यसैबिच, फ्रान्सका विदेशमन्त्री स्टेफानी सेजोर्न पनि इजरायल-हमासबिच युद्धविराम गराउन कायरो भ्रमणमा रहेका छन्। उनले जोर्डनका कूटनीतिज्ञसँग पनि यसबारेमा परामर्श गर्नेछन्।

गत सोमबार राष्ट्रसङ्घ सुरक्षा परिषद्ले पनि गाजामा तत्काल युद्धविराम गर्नेसम्बन्धी एक प्रस्ताव पारित गरिसकेको छ।

गाजा युद्धका कारण इजरायलले गरेको सैनिक कारबाहीमा कम्तीमा ३२ हजार ७०५ जना प्यालेस्टिनीको मृत्यु भइसकेको छ। मारिएका मध्ये अधिकांश महिला र बालबालिका रहेका छन्।

# बेलायती बालबालिकाको अभिभावकसँग प्रश्न : मैले कहिले स्मार्टफोन पाउँछु ?

**- हेलेन रोव**

लन्डन, ३१ मार्च (एएफपी)। पछिल्ला वर्षहरूमा बेलायतका धेरै बालबालिकाले "मैले कहिलेदेखि स्मार्टफोन चलाउन पाउँछु ?" भन्ने प्रश्नले आम अभिभावकलाई सताउने गरेको छ। यो प्रश्न अब नौलो होइन, आम बालबालिकाले आफ्ना अभिभावकलाई सोधेर हैरान पारिरहेका हुन्छन्। बालबालिकाको दिमागमा स्मार्टफोनले पार्ने असरबाट चिन्तित बनेका बेलायतका केही अभिभावक यसलाई रोक्न निकै सङ्घर्षरत देखिएका छन्।

तीन बच्चाकी आमा डेजी ग्रीनवेलले आफ्ना बालबच्चालाई विद्यालयको ढोकामा पुर्‍याउँदा यही स्थिति अरु अभिभावकले पनि सामना गर्नुपरेको छ। ग्रीनवेलकी साथीका ११ वर्षीय छोराले पनि यस्तै स्मार्टफोन मागेको थाहा पाइन्। ती बच्चाको कक्षाका अरु तीन बालबालिकाले स्मार्टफोन प्रयोग गरेको पाइएको थियो।

इन्स्टाग्राममा उनले लेखेकी छिन्, "अरु अभिभावकसँगको कुराकानीले मलाई आतङ्कित तुल्याएको छ। म मेरो बच्चालाई त्यस्तो सामान दिन चाहन्न जसले उनको मानसिक स्वास्थ्य बिगार्नुका साथै उनलाई कुलतमा फसाउँछ।"

"तर, मलाई के पनि थाहा छ भने यस्तो दबाब व्यापक हुने गरेको छ," पूर्वी इङ्ल्यान्डको उडब्रिजका एक पत्रकारले टिप्पणी लेखेका छन्।

उडब्रिजको टिप्पणी लगत्तै धेरै अभिभावकले स्मार्टफोनको प्रयोगबाट हुनसक्ने असरका बारेमा एकपछि अर्को धारणा सार्वजनिक गरेका छन्। खासगरी बालबच्चाहरूले स्वतन्त्ररूपमा यस्ता डिभाइस चलाउन पाए उनीहरू अनलाइन बुलिङ, सामाजिक तनाव र हानिकारक सामग्रीबाट प्रताडित हुनेछन्।

बढ्दो साइबर अपराध वृद्धिले बालबालिकामा मानसिक तनाव उत्पन्न हुने देखेर ग्रीनवेल र उनका साथी क्लेयर रेनोल्ड्सले 'स्मार्टफोन फ्री चाइल्डहुड' नामको सचेतना अभियान सञ्चालन गरिन्। अभिभावकको अनुभव समेतलाई आधार मानेर गरिएको प्राज्ञिक अनुसन्धानले बालबच्चाले स्मार्टफोन माग्दा अभिभावकहरूले चिन्तित हुने गरेको देखाएको छ। कतिपय अभिभावकले भने आफूहरू बालबच्चाका अघिल्तिर निरीह हुने गरेको गुनासो गरेका थिए। फोन दिँदा पनि सुरक्षामा ध्यान दिनुपर्ने उनीहरूको तर्क छ।

बेलायतका विद्यालय शिक्षामन्त्री डेमियन हिन्ड्सले संसदीय समितिमा बोल्दै ११ वा १२ वर्ष उमेरका सबैजसो बालबालिकाले मोबाइल फोन राख्ने गरेको बताउनुभएको छ।

वास्तवमै स्मार्टफोनले बालबालिकाको मनमा ठुलो असर गर्ने अमेरिकी सामाजिक मनोवैज्ञानिक जोनाथन हेड्टद्वारा भर्खरै प्रकाशित पुस्तक 'द एन्क्सियस जेनेरेसन' मा उल्लेख छ। उहाँले फोनमा आधारित बाल्यकालको भविष्य युवामा मानसिक रोगको समस्या बढ्ने र यसलाई कम गर्नका लागि बालबालिकालाई स्मार्टफोनबाट टाढा राख्नुपर्ने बताउनुहुन्छ। उहाँले स्मार्टफोनको पूर्ण रूपान्तरण सन् २०१० र सन् २०१५ को बिचमा भएको थियो र जसले गर्दा बालबालिकाको मनमा ठुलो परिवर्तन आएको पुस्तकमा उल्लेख गर्नुभएको छ।

चौध वर्षभन्दा अगाडि स्मार्टफोन र १६ वर्षभन्दा अगाडि सामाजिक सञ्जालबाट बालबालिकालाई टाढा राख्नुपर्ने जोनाथन हेड्टले भन्नुभयो। यसका लागि हामी अभिभावकले मिलेर काम गर्नुपर्ने उहाँको धारणा रहेको थियो।

## विश्व सङ्क्षेप

# बाढीका कारण तान्जानियामा धेरै मानिस घरबारविहीन

दार एस सलाम, ३१ मार्च (सिन्ह्वा)। भारी वर्षाका कारण दक्षिणी तान्जानियाको नाचिङवे जिल्लामा घरहरू भत्किँदा एक हजार ६६० भन्दा बढी मानिस घरबारविहीन भएको एक अधिकारीले बताएका छन्।

नाचिङवेका जिल्लाका आयुक्त मोहम्मद मोयोले बाढीका कारण करिब सात सय घर भत्किएको जानकारी दिनुभयो। प्रभावित व्यक्तिहरूलाई अस्थायीरूपमा सार्वजनिक विद्यालयहरूमा राखिएको र सरकार मानवीय सहायता प्रदान गर्ने प्रयासहरूमा लागिरहेको आयुक्त मोयोले जानकारी गराउनुभयो। बाढीबाट सर्वाधिक असर परेको नागागामा खेतीबालीमा ठुलो क्षति पुगेको छ।

# बाबर आजम फेरि पाकिस्तानी क्रिकेटको कप्तानमा नियुक्त

कराँची, ३१ मार्च (एएफपी)। पाकिस्तान क्रिकेट बोर्डले आइतबार बाबर आजमलाई पुन: पाकिस्तान क्रिकेट टिमको कप्तानमा नियुक्त गरेको छ। यसै वर्ष आयोजना हुने टी-२० विश्वकप क्रिकेटलाई ध्यानमा राखेर बाबरलाई टिमको कप्तान बनाइएको बोर्डले जनाएको छ।

गत वर्ष भारतमा सम्पन्न एकदिवसीय विश्वकप क्रिकेटमा पाकिस्तानी टिम सेमिफाइनलमा प्रवेश गर्न नसकेको भन्दै बाबरले गत वर्ष नोभेम्बरमा सबै फर्म्याटका क्रिकेटबाट कप्तानी पद त्याग गरेका थिए।

पाकिस्तान क्रिकेट बोर्डले बाबर आजमलाई पुन: नियुक्त गरिएको ट्विटरमार्फत घोषणा गरेको थियो। बोर्डको चयन समितिबाट सर्वसम्मत सुझाव आएपछि टि-२० र एकदिवसीय दुबै टिमका लागि बाबर आजमलाई नियुक्त गरिएको हो। यसअघि अन्तरिम व्यवस्थाका रूपमा टी-२० क्रिकेटका लागि तीव्र गतिका बलर शाहीन शाह अफ्रिदीलाई कप्तानीको जिम्मेवारी दिइएको थियो। साथै शान मसूदलाई टेस्ट क्रिकेटको कप्तान बनाइएको थियो।

कप्तानको फेरबदल र मुख्य प्रशिक्षक मिक्की आर्थरलाई पनि हटाएपछि अस्ट्रेलियामा सम्पन्न टेस्ट क्रिकेटमा भ्रमणकारी पाकिस्तानी टोली ३-० र टी-२० क्रिकेटमा ४-१ ले नराम्रोसँग पराजित भएको थियो।

संयुक्तराज्य अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकपअघि पाकिस्तानले अब बाबरको कप्तानीमा न्यूजील्यान्ड, आयरल्यान्ड र इङल्यान्डविरुद्ध टी-२० क्रिकेट खेल्दैछ।

# स्पेस-एक्सद्वारा २३ वटा भूउपग्रह प्रक्षेपण

लस एन्जलस, ३१ मार्च (सिन्ह्वा)। संयुक्तराज्य अमेरिकाको निजी क्षेत्रको स्पेस-एक्स कम्पनीले शनिबार २३ वटाभन्दा बढी स्टारलिङ्क भूउपग्रह अन्तरिक्षमा प्रक्षेपण गरेको छ। स्पेस-एक्सका अनुसार, अमेरिकाको फ्लोरिडास्थित केप कानाभारल स्पेस फोर्स स्टेसनबाट उक्त भूउपग्रह प्रक्षेपण गरिएको हो।

कम्पनीले फाल्कन ९ नामक रकेटमार्फत २३ वटा स्टारलिङ्क उपग्रह प्रक्षेपण गरेको जनाएको छ। स्टारलिङ्क भूउपग्रहहरूले पृथ्वीका दुर्गम क्षेत्र र इन्टरनेटको पहुँच कमजोर भएका क्षेत्रहरूमा उच्च गतिको ब्रोडब्यान्ड इन्टरनेट सेवा उपलब्ध गराउने कम्पनीको भनाइ छ।

# चीनको औद्योगिक उत्पादनमा वृद्धि

पेइचिङ, ३१ मार्च (एएफपी)। चीनको औद्योगिक उत्पादन पाँच महिनायता पहिलोपटक वृद्धि भएको आइतबार सार्वजनिक सरकारी तथ्याङ्कले देखाएको छ।

विश्वकै दोस्रो ठुलो अर्थतन्त्र रहेको चीनको औद्योगिक उत्पादन वृद्धि गर्ने चिनियाँ प्रयासले सकारात्मक सङ्केत गरेको नीति निर्माताहरूले बताएका छन्।

चिनियाँ कलकारखानाको उत्पादनको समीक्षा गर्ने पीएमआई सूचाङ्क मार्च महिनामा ५०.८ देखिएको छ। चिनियाँ तथ्याङ्क ब्यूरो (एनबीएस) का अनुसार यो सूचाङ्क गत फेब्रुअरीमा ४९.१ बिन्दुमा रहेको थियो।

पीएआई सूचाङ्क ५० भन्दा बढी हुनु भनेको औद्योगिक उत्पादनमा वृद्धि भएको सङ्केत हो। यसअघि चीनको पिएमआई गत सेप्टेम्बरमा मात्र देखिएको थियो।

ब्लूमबर्गले गरेको सर्वेक्षणले पनि मार्च महिनामा चीनको औद्योगिक उत्पादन वृद्धि हुने देखाएको थियो।

कोभिड महामारीका वर्षहरूमा कडा नियम लागू गरेको चीनमा पछिल्ला वर्षहरूमा घरजग्गा कारोबारमा निरन्तर सङ्कट, उच्च युवा बेरोजगारी र मुद्राप्रदायमा दबाब समेतका समस्या देखिएका थिए। अर्कोतिर विश्वभर नै कमजोर मागका कारण चिनियाँ सामानको माग पनि घटेको थियो।

पेइचिङले मार्च महिनाको सुरुमा सन् २०२४ मा वार्षिक वृद्धि पाँच प्रतिशत हासिल गर्ने लक्ष सार्वजनिक गरेको थियो, तर यो वृद्धिको लक्षलाई धेरै अर्थशास्त्रीले महत्त्वाकाङ्क्षी भन्दै चीनको आलोचना गरेका थिए।

चिनियाँ अधिकारीहरूले अर्थतन्त्रलाई चलायमान बनाउन विभिन्न उपायहरू घोषणा गरेका थिए जसबाट मिश्रित परिणामहरू हासिल भएका थिए।

एउटा सकारात्मक पाटोका रूपमा फेब्रुअरी महिनामा उपभोग्य मूल्यमा सामान्य वृद्धि भएको थियो।

चीनको गैर-औद्योगिक उत्पादनको पीएमआई सूचाङ्क भने मार्चमा सुधार भएर ५३ बिन्दुमा पुगेको छ। अघिल्लो महिना यस्तो पिएमआई ५१.४ विन्दुमा रहेको थियो।

गत वर्ष चीनको औद्योगिक वृद्धिमा तीव्र निराशाजनक अवस्था रहेको थियो। दशककै सबैभन्दा कमजोर अवस्थामा अर्थतन्त्रको वृद्धि भएपछि सरकारले श्रृङ्खलाबद्धरूपमा आर्थिक राहत प्याकेज घोषणा गरेको थियो।

आधिकारिक विवरणमा सन् २०२३ मा चीनको कुल गार्हस्थ्य उत्पादन ५.२ प्रतिशत रहेको थियो। तर, यस वृद्धिलाई अर्थशास्त्रीहरूले चीनले बढाइचढाइ गरेको दाबी गरेका थिए।

चीनको यो वृद्धि सन् १९९० को दशक र कोभिड महामारीका वर्षहरूपछि सबैभन्दा कमजोर थियो।

# दीर्घकालीन सोच नहुँदा गाउँको समस्या ज्यूँका त्यूँ

✍ डी.पी. काफ्ले

देशमा रोजगारी छैन भनी लाखौँ युवाहरू वैदेशिक रोजगारीमा लामबद्ध छन् । वैदेशिक रोजगारीमा जानु बाध्यतामात्र होइन, उनीहरूको जीवन कसरी हुर्कियो ? पढाइ कस्तो रह्यो ? पारिवारिक वातावरण के कस्तो छ ? वैदेशिक रोजगारीमा गएकाहरूको औकात कस्तो छ आदिमा भरपर्छ ।

देशमा गाउँले जीवन सहरिया बन्दै छ । कोही भन्छन्, गाउँमा रोजगारीको सम्भावना छैन । गाउँमा सुविधा र अवसरको कमी देखिन्छ । स्थानीय तहका मुख्य मानिसहरू जिम्मेवार छैनन् । सरकार चलाउनेहरूसँग पनि देशको आम्दानी बढाउने, युवाहरूलाई रोजगारी दिने, प्राकृतिक स्रोत साधन उपयोग गर्ने, बसाइँसराइ रोक्ने कुनै दीर्घकालीन सोच र चाहना छैन । यसकारण, जनता निराश हुँदै आफ्नो देश छाड्दै छन् ।

सरकारमा बस्नेहरू विभिन्न निहुँमा युवाहरूलाई विदेश पठाउने, मानव तस्करहरूसँग मिलेर कमिसन खाने र रेमिट्यान्सबाट देश चलाउन लागिपरेका छन् । देशमा भ्रष्टाचारी, बिचौलिया, तस्कर, कमिसनखोर, लागूऔषध, व्यापारी, कालाबजारी, भू-शिक्षा, स्वास्थ्य माफियाहरू, प्राकृतिक स्रोत र साधनमाथि दोहन गर्ने गराउनेहरू देशको विभिन्न निकायमा काम गरिरहेका छन् ।

देशका मन्त्री अनि प्रधानमन्त्रीहरू आफ्नै पार्टीका मान्छेलाई फलानाको नातेदार, ठेकेदार, माफिया, बिचौलिया, सीआईएको, रअको, कमिसनखोर, मानव तस्करी गर्ने भनेर परिचय दिने गर्छन् । यस्तो अवस्थाको अन्त्य देश चलाउनेहरूबाट आशा गर्नु बेकार छ । सदरमुकाम नजिकका गाउँहरूले नजिकको बजारलाई पाल्ने गर्छन् तर त्यस्ता मान्छेलाई पनि बिचौलिया र कमिसनखोरले दुःख दिने गरेका हुन्छन् ।

हरेक सहर बजारनजिक रहेका गाउँहरूले उनीहरूको सेवा गर्ने गर्छन् । विशेष गरेर कृषि क्षेत्रमा फलफुल, तरकारी, अन्न, तेलहन, गोरस, सागपात, मासुजन्य वस्तुहरू बजारमा बेच्न ल्याउँछन् । आयातीत वस्तुभन्दा गाउँबाट आउने वस्तु ताजा र अर्गानिक हुने गर्छ ।

जुम्ला जिल्लाको पातरासी गाउँअन्तर्गत वडा नं. ४, ५, ६ र ७ वडा पर्छन् । त्यसमा पनि नजिक ६ र ७ वडा पर्छन् । त्यहाँबाट प्रत्येक बिहान तरकारी, फलफुल, मासुजन्य पदार्थ, गोरस, अन्नपात आदि र फलफुलका बिरुवा मौसमअनुसार आउने गर्दछन् । तर, किसानहरू प्रविधि, प्राविधिक बीउ, मल र भण्डारणको उचित व्यवस्था नहुँदा पीडित छन् ।

उर्थु गाउँ चन्दननाथ नगरपालिका अर्थात् जुम्ला नगरको नजिक पर्छ । उर्थुबाट दैनिक उपभोग्य वस्तुहरू सधैँ बिहान आइपुग्छन् । तरकारी, गोरस, गेडागेडी, सागपात, अन्नबाली, फलफुल, समयअनुसार बोटबिरुवा आउने गर्छन् ।

बजारमा घरको सङ्ख्या बढ्दै गएका कारण खेतीयोग्य जमिन मासिँदै गएको छ । नगर बनिसकेपछि घर, सडक, सरकारी भवन, खेल चौर, विमानस्थल आदि बन्दै जाँदा जमिन मासेर किसानहरू पनि सकिँदै छन् । बजारको पेसा व्यवसायमा फेरिँदै छ । किसानहरू अन्य पेसाबाट जीवनयापन गर्ने दौरानमा छन् । सरकारी नोकरी, निजी नोकरी, विभिन्न व्यवसाय र व्यापार ठेक्कापट्टा, निर्माण कार्य, यातायातका काम आदि गर्छन् । सदरमुकाम नजिकका किसानका उत्पादनले बजार पाइरहेका छन् ।

पङ्क्तिकार माघ २२ गते उर्थु गाउँमा पुग्दा किसान भीमबहादुर बिस्ट आलु बेच्दै थिए ।

हाम्रो कार्यक्रम भएकोले गाउँभरिका किसान उपस्थित थिए । तर, भीमबहादुर बिस्ट आलु बेच्दै थिए । कति रूपैयाँमा बेचेको भनी सोध्दा उनको जवाफ थियो, प्रतिकेजी १६ रूपैयाँ । त्यो आलु बजारमा रु. २५ प्रतिकेजीमा बिक्री हुन्छ । बजारभन्दा १ घण्टा २० मिनेट पैदल यात्रा र यातायातबाट २० मिनेट टाढा हो । किसानहरू सस्तो मूल्यमा उत्पादन बेच्न बाध्य छन् । किसानले भने, “हामी कृषि उत्पादनबाट धेरै नाफा लिन सक्दैनौँ ।”

अर्का किसान मुनबहादुर बुढाले स्याउ, ओखर, आरु, नासपाती आदिका बिरुवा उत्पादन गरेर बेच्ने रहेछन् । उनले सरकारी निकायप्रति धेरै गुनासो पोखे । उत्पादन गर्ने बिरुवाको मूल्य सरकारी कार्यालयले कम मूल्यमा लिने र बढी मूल्यको बिल बनाउने, बढी मूल्यको बिलबाट आफूले खाने गरेको उनले सुनाए ।

“कृषिका कर्मचारीहरू किसानको खेतबारी र फर्महरूमा कहिले पनि आउँदैनन् । तर, बिक्री गर्ने बेला कमिसन खान आउँछन्,” उनले भने ।

गत वर्ष स्याउ र ओखरका बिरुवा




धेरै खेर गए । लगानी उठेन । यस वर्ष पनि धेरै बिकेका छैनन् । हामीलाई जिल्ला, स्थानीय तह र सङ्घसंस्थाले कहिल्यै सहयोग गर्दैन भन्ने दुखेसो उनले पोखे । उनले भने, “हामीलाई सरकारले हेरेको खण्डमा जुम्लामा हुने कृषि क्षेत्रको आयात धेरै घट्नेछ ।”

उनी बिरुवाहरूको अलावा बजारमा हरियो तरकारी, सागपात, फलफुल आदि बेच्न लान्छन् । त्यही कमाइबाट उनी नुन, तेल, पढाइलेखाइ, लत्ताकपडा गर्ने गर्छन् ।

अर्का किसान चन्द्रवीर बिस्टले भने, “उर्थुलगायत पातरासी र गोठीचौर गापाका किसानहरूले सरकारी प्रविधि, प्राविधिक, बीउ, यातायात, बजार र भण्डारणको उचित व्यवस्थापन भए कर्णालीलगायत सुर्खेतसम्म हाम्रो उत्पादन पुऱ्याएर अर्गानिक उत्पादन खुवाउने छ । उनले स्याउ, ओखर, नासपाती, आरुका बिरुवा, मौरीको मह, स्याउ, ओखर, तरकारी, आलु, सिमी, कर्कलो, काँक्रा, फर्सी आदि प्रशस्त उत्पादन गरेर बजारमा बेच्छन् र जीविका चलाउँछन् । तर, वास्तविक किसानले सरकारी सहुलियत पाउँदैनन् । जसले खेती गर्दैन त्यसले सस्तो ब्याजमा ऋण, कृषि अनुदान, बीउ, बिरुवा पाएको हामी सुन्छौँ र देख्छौँ । गाई, भैँसी, भेँडा, बाखा, खरायो, कुखुरा आदि पनि यस क्षेत्रमा खेती हुने र बजारको मागलाई पूर्ति गर्ने गर्छ ।

चौघविस क्षेत्रका किसानहरू भन्ने गर्छन्, हाम्रो उत्पादन बजारमा गएन भने बजारमा भोकमरी र अभाव बढ्छ । चन्दननाथ नगरपालिकाले बजारको कृषियोग्य भूमि मासिएका कारण हाम्रो क्षेत्रका किसानहरूलाई सहयोग गरेर बचाउनुपर्छ । नगरले हामीलाई उन्नत बीउ, बजार, यातायात, भण्डारण आदिमा सहयोग गर्नुपर्ने किसानहरूको माग छ ।

जुम्ला बजारमा नगरपालिकाका १० वडा छन् । तर, बजार क्षेत्र १, २, ३, ४, ५ र ६ वडामा धेरै सरकारी कार्यालय कर्मचारी, व्यापारी, विद्यार्थी आदि गरेर दैनिक हजारौँ मान्छेको आवतजावत हुन्छ; बजार व्यवसाय हुन्छ । सेना, प्रहरी, विद्यार्थी आदिको पनि त्यतिकै आवतजावत हुन्छ । सबैको भार थाम्न बजारलाई उपभोग्य वस्तुको माग धेरै आपूर्ति गर्नुपर्ने हुन्छ । त्यसकारण, बजार क्षेत्रले पनि चौघविस क्षेत्रका किसानलाई सहयोग पुऱ्याई जुम्लामा हुने आयातलाई विस्थापन गर्नुपर्छ भन्ने जनताको माग छ ।

जुम्लामा कृषि अनुसन्धान केन्द्र, बागबानी फारम, कृषि अनुसन्धान केन्द्र राजिकोट, भेँडाबाखा अनुसन्धान केन्द्र गोठीचौर छन् । तर, ती सरकारी निकायले पनि किसानलाई नयाँ प्रविधि, प्राविधिक र उन्नत कुरा दिनसकेका छैनन् । अनुसन्धान केन्द्रहरू जागिर खाने संस्था बनेका छन् ।

जुम्लाको मार्सी धान, सिमी, दलहन, मासु, फापर, आलु, मह, स्याउ, ओखर विश्वभरि जहाँ जहाँ जुम्ली या नेपाली पुग्छन्, त्यहाँ त्यहाँ जुम्लाको खाद्यान्न वस्तुहरू पुगेको रेकर्ड विदेशबाट फर्कनेहरू भन्ने गर्छन् ।

२०६७ सालबाट जुम्ला अर्गानिक क्षेत्र घोषणा भएको हुँदा रासायनिक औषधि, मल प्रयोग गर्ने गरिँदैन । तर, धान खेतीमा किसानले भारतबाट ल्याएर झारनियन्त्रक औषधि ब्युटा कलर बालुवासँग लुकाएर छर्ने गरेको सुनिन्छ तर कममात्र ।

जुम्लामा उत्पादन कम, समय बढी लाग्ने भए पनि यहाँको उत्पादित वस्तु स्वास्थ्यको लागि धेरै राम्रो हुन्छ भन्ने सुनिन्छ ।

जुम्लामा धेरै थोरै उत्पादन हुने अन्न बाली मार्सी धान, गहुँ, जौ, मकै, कोदो, फापर, चिनु, कागुनु आदि छन् ।

फलफुलहरूमा स्याउ, ओखर, आरु, अङ्गुर, अनार, नासपाती आदि फल्ने गर्छन् ।

तरकारी बालीमा काउली, बन्दा, ब्रोकाउली, प्याज, आलु, काँक्रा, फर्सी, झुसेकरेला, च्याउ, भिन्डी आदि हुन्छन् ।

सागपातमा रायो, धनियाँ, मेथी, कर्कलो, खुर्सानी, चम्सुर, पालुङ्गो आदि हुन्छ भने पशुपन्छीमा गाई, भैँसी, भेँडा, बाखा, खरायो, कुखुरा, हाँस, कालिज, बट्टाई, लौकाट र टर्की आदि पाल्ने गर्छन् ।

वनमा पाइने ढँटेलो, चुत्रो, निगाली, साग, राताडाङला, रूधासाक, भदुरी, भट्टेउला, किरकिला, लसुन, च्याउ, ढोकायो, पाते वरको, लिगुडो, पिडारा, संहले, चाल्ने, भाँडे, पाल्ता, चरिअमिलो, गलकाउडी, ऐंसेलु आदि जङ्गलमा प्रशस्त मौसमअनुसार पाइन्छन् ।

जुम्ली जनताले राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ कर्मचारीहरूसँग जुम्लामा उत्पादन खाद्य वस्तुसँग आधारित उद्योगहरू खोल्न अनुरोध गरे । तर, कसैले पनि चासो देखाएनन् ।

जुम्लामा पानी प्रशस्तै छ । सिँचाइको अभाव छैन । आकासे पानीको भर पर्नुपर्दैन । तर, शासकहरूमा विकास गर्नुपर्छ भन्ने कुरा अहिलेसम्म छिरेको छैन । अन्य जिल्लाको विकास हेर्ने हो भने नेपालका शासकहरूले कर्णाली नेपाल होइनजस्तो व्यवहार गरेको पाइन्छ ।

राम्रो शिक्षा, स्वास्थ्य उपचार, रोजगारी पाउन जिल्ला छाड्नुपर्ने बाध्यता छ । एकमात्र खाद्य प्रशोधन उद्योग खोलेको खण्डमा जुम्ली जनताको उत्पादनले बजार पाउने र आर्थिक कमाइ हुनेछ । जसले देशलाई आत्मनिर्भर र जनतालाई सक्रिय बनाउनेछ ।

जुम्लावासी तथा कर्णालीवासीहरू रोजगारी नपाउँदा भारतको काला पहाड, नेपाल-भारतका घरघरमा सामान बेचेर पैसा कमाउन जान्छन् । घरमा बुढा आमाबुबा, बच्चा, स्वास्नी आदि छाडेर पैसा कमाउन हिँड्नु रहर होइन, बाध्यता हो । सरकारलाई चेतना भया ।

# कीर्तिपुरको एक ‘लिभिङ टुगेडर’

✍ पाण्डू

प्रिय शम्भु,

तिमीसँगको तात्तातो छलफलपछि म एक्लै छुँ, १५ दिन भयो । पुरुष अहङ्कारको शब्द प्रयोग गरी म सबै पुरुषलाई दोष दिन चाहन्नँ । दुई वर्षको विश्वविद्यालयको जीवनमा मैले शिक्षालाई समाजको सेवामा समर्पित हुन मैले प्राप्त गरेका सम्पूर्ण अनुभव एक ज्यावलको रूपमा लिने भावनाबाट अभिप्रेरित थिएँ ।

हाम्रो दुई वर्षको ‘सँगैको जीवन’ लाई एक सफल र अर्थपूर्ण अवधिको रूपमा लिँदै थिएँ । म मेरो कर्तव्यप्रति सजग छु र रहनेछु, यही मेरो सङ्कल्प जीवन पद्धतिको रूपमा लिने गरेकी छु । त्यसअनुसार मैले तिमीलाई एक आदर्श पुरुषको रूपमा तयार गर्न चाहन्थेँ । त्यसको निम्ति मैले तिम्रो लुगा धुने, त्यसमा आइरन गर्ने, दराजमा व्यवस्थित गर्नेदेखि लिएर कोठालाई एक शिक्षित जोडीको दर्जा दिन र दिलाउन कोसिस गरेँ । एउटा एउटा पुस्तक ‘आल्मारी’ मा सजाएँ, हरेक तस्बिर र प्रदर्शन गरिने वस्तुहरूलाई यथास्थान राख्ने मेसोलाई मैले भित्री मनदेखि नै सजाउने काम गर्दै गएँ ।

तिम्रो व्यक्तिगत दुवैको जीवन सुखमय होस् भनी जाडोमा नुहाउन पानी तताउनेदेखि स्नानगृह सफा गर्ने, तिम्रो खुट्टाको नङ काट्नेदेखि दाह्री काट्न समय-समयमा ‘सेभिङ कीट’ बाट ब्लेड मिलाउनेदेखि ‘ब्रस’ र ‘आफ्टर सेभिङ’ का सिसिसमेत टेबुलमा दुरुस्त राख्थेँ । तिम्रो जीउमा कुनै खटिरा वा घाउ नआओस् भनी जीउभरि कपालदेखि पैतालासम्म म तेल लगाई दिन्थेँ- सामान्य परिवारमा जस्तै ।

त्यतिमात्रै होइन, कोट लगाउँदा समेत म तिम्रो सहयोग गर्थें, जुत्तामा पालिस, चुँडेको कमिजको ‘बटम’ र उध्रेको लुगा सिइदिएर सूचिकारको समेत काम गर्थें ।

बरु तिम्रो चुरोट खाने बानीलाई बरोबर हस्तक्षेप गरी छोड्न लगाई मैले तिम्रो आयु थपिदिएँ, मेरो पिर, व्यथा र मायाले । तर, तिमीले यी सबै बिर्सिदियौ- आज । तिमीले मलाई मेरो मुटु छेड्ने बचन बोल्यौ, “मलाई एक जना छोरो चाहिएको छ, जो तिमी पुऱ्याउन सक्दैनौ ।”

तिम्रो त्यो बचनले म झस्कें, म छाँगाबाट खसेजस्तै अनुभव गरेँ तथा म एउटा भ्रममा भएको महसुस भयो, जसलाई मैले दुई जाडोमा सहयोग गरेँ । भित्री मन र शरीरले तिमीले आज मलाई पराइ सम्झ्यो र शासकको व्यवहार गऱ्यौ !

शम्भु, मैले तिमीलाई सम्झाउनै पर्छ कि चिकित्सकले तिमीबाट कुनै सन्तानको सम्भावना छैन भनी विज्ञान पढाएको झल्झली सम्झँदै छु । आज मैले मनमा लिनैपर्ने भयो, एक सिक्काको दुई पाटो हुन्छ भनेजस्तै हरेक मानिसमा ‘सेतो र कालो’ व्यक्तित्व हुन्छ । तिम्रो त्यो ‘बचन’ मा मैले नारीप्रतिको ठुलो दोष देखाएँ, जुन उसको दोष थिएन बरु पुरानो पुरुष अहङ्कारवादको संस्कार तिमीमा खचाखच भरिएको रहेछ । नयाँ संस्करणमा तिमी सामन्ती र दास समाजका नयाँ प्रतिनिधि रहेछौ ।

शम्भु, त्यति मात्रै होइन, तिमीलाई थाहा छ, म पैसा, पद र भनसुनजस्ता अरुको दयामायामा बाँच्नुभन्दा आफ्नो कर्तव्य र मेहनतप्रति विश्वास गर्ने ‘नयाँ मानिस’ वा नयाँ युगका एक नागरिक बन्न चाहने व्यक्ति हुँ । म नयाँ युगको हकदार हुँ, जुन समाजमा कसैले कसैलाई शोषण गर्नेछैन र योग्यताअनुसारको काम र आवश्यकताअनुसार प्राप्त गर्ने साम्यवादी समाजप्रति विश्वास गर्छु, जुन समाजमा सम्पत्तिमा ‘तेरो मेरो’ भन्ने भावना विस्तारै सेलाइसकेको हुन्छ । त्यो समाजमा सबै समान हुनेछन् र त्यहाँ व्यक्ति, जात, भाषा, पुरुष र नारीको हिसाबले होइन, प्रत्येकको गुण वा व्यक्तित्व, समाजप्रति गम्भीर जिम्मेवारी र समर्पणबाट चिनिने छन् ।

शम्भु, म अझ सम्झाउन चाहन्छु- चिकित्सकको सल्लाहलाई बेवास्ता गरी अर्कै केटी विवाह गरी ‘छोरो’ पाउने दोषपूर्ण विचारमा छौ तिमी । म कुनै अर्कै पुरुषबाट छोरोको आमा बन्न चाहन्नँ । तिमीलाई मैले भन्नैपर्छ, तिमी नपुंसक हौ, अर्को केटीबाट पनि तिमीले छोरो वा सन्तान पाउने छैनौ । तिम्रो पुरानो संस्कार छोरो नै समाजको मियो हो भन्ने भावनालाई म धिक्कार्छु । गलत विचारलाई समयमै सच्याऊ ! बिदा !

तिम्री सहयोगी
मधु

हार्दिक समवेदना



जन्म
२००३ माघ

निधन
२०८०/१२/०७

यस साथीभाइ समूहका सदस्य सबिन लोहलाका पूजनीय पिता **आसराम लोहला**को दुःखद निधन भएको आज तेह्रौँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीभाइ समूह**
पाण्डोबजार हाइट

# कर प्रणाली सुधार उच्चस्तरीय समितिले सरकारलाई प्रतिवेदन बुझायो

काठमाडौँ, १८ चैत (रासस)। कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले सरकारलाई प्रतिवेदन बुझाएको छ। समितिले आइतबार अर्थमन्त्री वर्षमान पुनलाई उक्त प्रतिवेदन हस्तान्तरण गरेको हो।

चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा सरकारले कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय आयोग गठन गर्ने व्यवस्था गरेको थियो। बजेटको सोही व्यवस्थाअनुसार गत भदौ २९ गतेको मन्त्रिपरिषद् बैठकले पूर्वअर्थमन्त्री एवं पूर्वसचिव विद्याधर मल्लिकको संयोजकत्वमा पूर्वसचिव लक्ष्मण अर्याल, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र विभागका प्राध्यापक डा. रामप्रसाद ज्ञवाली र पूर्वप्रशासक एवं भन्सार विज्ञ रामप्रसाद दाहाल सदस्य रहनेगरी सुझाव समिति गठन गरेको थियो।

समितिले ६ महिना लगाएर दुई सय ५८ पृष्ठ र एक सय ४० अनूसूची समेटिएको प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनले राजश्व परिचालनमा वृद्धि, नयाँ रोजगारी सिर्जना तथा सार्वजनिक वित्तको सवलीकरणका लागि करसम्बन्धी कानुन, करका दर, कर प्रशासन, राजस्व संरचनासहित अर्थतन्त्रका विविध विषयमा सुझाव दिएको छ।

कोभिड-१९ महामारी र रूस-युक्रेन युद्धका कारण आपूर्ति शृङ्खलामा परेको प्रभावबाट विश्व अर्थतन्त्र नै प्रभावित भएको र त्यसबाट नेपाली अर्थतन्त्रमा पनि असन्तुलन पैदा भएको प्रतिवेदनमा उल्लेख छ। न्यून आर्थिक वृद्धिदर र बढ्दो मुद्रास्फीतिको समस्याबाट गुज्रिएको नेपालको अर्थतन्त्र पछिल्लो समय क्रमशः सुधारको लयमा फर्किन थालेको प्रतिवेदनको निष्कर्ष छ।

सरकार तथा नियामक निकायले विगतमा लिएका कतिपय सङ्कुचनकारी नीतिका कारण आर्थिक वृद्धिदर, रोजगारी सिर्जना र सार्वजनिक वित्त परिचालनमा अपेक्षित सुधार हुन नसकेको प्रतिवेदनले औँल्याएको छ। "विगतमा लिइएका कतिपय सङ्कुचनकारी नीतिका कारण आर्थिक वृद्धिदर, रोजगारी सिर्जना र सार्वजनिक वित्त परिचालनमा अपेक्षित सुधार हुन सकेको छैन। प्रभावकारी माग र लगानीको वातावरण सुधार नहुँदा आर्थिक वृद्धिदरमा सुस्तता आएको छ", प्रतिवेदनमा भनिएको छ।

अर्थमन्त्री पुनलाई प्रतिवेदन बुझाउँदै समिति संयोजक मल्लिकले मुलुकको कर प्रशासन, आर्थिक वृद्धि र समग्र अर्थतन्त्रको विकासका लागि प्रतिवेदन कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्नुभयो। आगामी पाँचदेखि २० वर्षसम्मका लागि राजश्व परिचालनसम्बन्धी नीति निर्माण गर्दा काम लाग्ने सुझावहरू प्रतिवेदनमा समेटिएको उहाँको भनाइ छ।

मुलुकको आर्थिक वृद्धिमा सङ्कुचन देखिनुको प्रमुख कारण राजस्व सङ्कलन क्षमतामा वृद्धि हुन नसक्नु रहेको ठहर प्रतिवेदनको छ। करको जोखिमभार हेर्न छुट्टै निकाय जरूरी रहेको तथा राजस्व न्यायाधीकरणको विद्यमान संरचनामा परिवर्तन जरूरी रहेको निष्कर्ष प्रतिवेदनको छ। पछिल्लो दशकमा राजस्व वृद्धि हुन नसक्नुमा सरकारले दिने छुट पनि मुख्य कारण रहेकाले आगामी दिनमा राजस्व छुट नभई करको दायरा बढाउने र दर घटाउनुपर्ने नीति लिइनुपर्ने सुझाव आएको छ।

प्रतिवेदन तयार पार्नुअघि समितिले मुख्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्षसहित पदाधिकारी, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख र अन्य आयुक्त, प्राकृतिक स्रोत तथा वित्त आयोगका उपाध्यक्ष र पदाधिकारी, निमित्त महालेखापरीक्षक, सरकारका मुख्यसचिव, नेपाल राष्ट्र बैंकका गभर्नरलगायतसँग अन्तरक्रिया र कुराकानी गरेको थियो।

# पाक्न लागेको हिउँदे बालीमा असिनाले क्षति



मलेखु (धादिङ), १८ चैत (रासस)। धादिङको उत्तरी क्षेत्रमा हावाहुरीसँगै परेको असिना पानीले हिउँदेबाली नष्ट गरेको छ। उत्तरी क्षेत्रको विकटमा पर्ने अधिकांश गाउँबस्तीमा लगाएको बाली नष्ट भएपछि किसान चिन्तित भएका छन्। वर्षदिनभरी खानका लागि लगाएको अन्नबाली क्षणभरैमै सखाप भएपछि किसान चिन्तित भएका हुन्।

शनिबार दिउँसो परेको असिना पानीले गहुँ, मकै, जौ, सागलगायत हिउँदेबाली नष्ट गरेको गङ्गाजमुना गाउँपालिका-१ रिगाउँस्थित किचेतका दिनेश तामाङले बताउनुभयो। उहाँका अनुसार गङ्गाजमुना, खनियाबास र रूविभ्याली गाउँपालिकाका अधिकांश किसानले लगाएको बाली असिना पानीले नष्ट गरेको छ।

फागुनको पहिलो सातादेखि लगाएको मकै, पुस महिनामा लगाएको आलु सबै कामै नलाग्ने गरी बिग्रिएको तामाङको भनाइ छ।

मकै र आलु खेतीबाट जीविकोपार्जन गर्दै आएका यस यस क्षेत्रका किसानको खुसी असिना पानीले नष्ट पारिदिएको गङ्गाजमुना-१ ताजिमग्राङका इमान तामाङले बतानुभयो। कृषि पेसामा निर्भर हुँदै आएकाहरूको खुसी पलभरमै निराशामा बदलिएको उहाँको भनाइ छ।

हिउँदमा कडा परिश्रम गरेर लगाएको खेती पाक्ने समयमा यसरी असिना पानीले सखाप पारेपछि यहाँका किसानलाई बर्खामा के खाने भन्ने चिन्ता परेको छ। खनियावासको झार्लाङ, रूविभ्यालीको तिप्लिङ र गङ्गाजमुनाको रिगाउँ आसपासको आलु र मकै देशभर प्रख्यात मानिन्छ।

*कामदारवर्गको...*

गएकाहरूलाई नेपाल मजदुर किसान पार्टीले देश र जनताको हितमा काम गर्न धेरै सुझाव दिएको थियो। तर, शासक दलहरू कागलाई नुहाएर हाँस नहुने भनेजस्तै भए; यसकारण, जनता सचेत हुनु जरूरी छ।"

सचिव सुवालले भन्नुभयो, "अमेरिकी रक्षामन्त्रीले युक्रेनमा हतियार बेचेर नाफा कमाएको पत्रकार सम्मेलनमा बताए। प्यालेस्टिनी जनताको भूमि कब्जा र जातीय नरसंहार गराउन इजरायललाई अमेरिकाले नै हतियार दिएको थियो। पहिलो र दोस्रो विश्वयुद्ध साम्राज्यवादीहरूले बजार र नाफाको लागि गरेका थिए। नेपाली जनताले युद्धको विरोध गर्नु जरूरी छ। विनाशकारी हतियार उत्पादनमा भइरहेको खर्च मानव जातिको शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास व्यवस्थाको लागि गर्नु जरूरी छ।"

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशका सदस्य सुरेन्द्रराज गोसाईले संस्कृति र सम्पदामा धनी काठमाडौँ उपत्यकामा रहेका कला, संस्कृति जगेर्ना गर्न ध्यान दिनुपर्ने सरकारले द्रुत मार्गजस्तो अरबौँ रकम चाहिने परियोजना ल्याएर यहाँको संस्कृति सम्पदा म्हास्ने कामको विरोध गर्नुभयो।

तीन दशकभन्दा बढी समय शासन सत्तामा पालैपालो राज गर्ने शासक दलको नेतृत्वको पछि लागेर देश बचाउन वा विकास गर्न नसकिने उहाँले बताउनुभयो।

सांसद गोसाईले भन्नुभयो, "सडक, सदन र सबै ठाउँमा सांस्कृतिक दमन र अतिक्रमणविरूद्ध सङ्घर्षलाई निरन्तरता दिँदै जानु आवश्यक छ।"

प्यालेस्टिनमाथि इजरायलको नरसंहारको विरोधमा संसारभर प्रदर्शन भइरहेको चर्चा गर्दै उहाँले इजरायलको नरसंहारविरुद्ध नेमकिपाले जनतालाई सचेत गर्दै आएको छ भन्नुभयो।

उहाँले भन्नुभयो, "प्राकृतिक प्रकोप, भूकम्प, बाढी, पहिरो होस् वा कोरोना महामारी जुनसुकै समयमा पनि गरिब कामदारवर्गका जनता मर्नुपरेको स्थिति छ। पुँजीवादी व्यवस्थाको विकल्प समाजवादी व्यवस्था नै हो।"

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पुँजीवादी दलहरूले गरिब जनताको हितमा कहिल्यै काम नगर्ने हुनाले क्रान्ति वा आमूल परिवर्तनका लागि क्रान्तिकारी साहित्यहरूको रचना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले भन्नुभयो, "अन्याय, अत्याचारविरूद्ध लड्ने भावनाले काम गर्न नसकेसम्म कामदार जनताको मुक्ति सम्भव छैन। जबसम्म ठग, भ्रष्टहरूलाई शासन सत्तामा पुऱ्याउने जनता राजनीतिक र वर्गीयरूपमा सचेत हुनेछैनन्। पैसा वा अन्य लोभ प्रलोभनमा नपरी जनताका सच्चा उम्मेदवारहरू चुनावमा जिताउने छैनन् तबसम्म देश र जनताले दुःख पाउनेछन्।"

सुविता महर्जनको सभापतित्वमा भएको उक्त साहित्य सम्मेलनमा महालक्ष्मी नगरपालिका वडा नं ६ का वडाध्यक्ष धर्म महर्जनले पनि बोल्नुभएको थियो।

गायक चन्द्रबहादुर श्रेष्ठ, कलाकारहरू एवम् साहित्यकारहरू सरस्वती डंगोल, रमेश डंगोल, सुवर्ण महर्जन, नरमान महर्जन, सुवर्ण महर्जन, ममिता श्रेष्ठ, रमेशमान महर्जन, रूपा महर्जन, मदन श्रेष्ठ, लक्ष्मीनारायण दुवाल, प्रेम प्रजापति, हरिसुन्दर पोतामहा, सुनिता गाइसी, नेक्रायुसङ्घ बुङ्गाका अध्यक्ष महेन्द्र ब्रमचार्यलगायतले देशका समसामयिक विषयबारे आफ्ना रचनाहरू वाचन गर्नुभयो। सोही अवसरमा इन्द्रेणी भजन खलःका कलाकारहरूले प्रगतिशील गीत सङ्गीत प्रस्तुत गरे। त्यस्तै, प्रभात ई. स्कूल भक्तपुर, परिणाति ई.स्कूल, काठमाडौँका विद्यार्थीहरूले आकर्षक नृत्य प्रस्तुत गरेका थिए।


## हार्दिक समवेदना



जन्मः २०१०/०६/१३
निधनः २०८०/१२/१३

यस संस्थाका सदस्य नं. २५३ का सदस्य **तुल्सीबहादुर प्रजापति**को दुःखद निधन भएको आज सातौँ(न्हेनुमा) दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा-९

## हार्दिक समवेदना



जन्म
२०१२/१०/२५

निधन
२०८०/११/०५

हाम्रा आत्मीय मित्र नारायणप्रसाद ह्योँग्वाका पुजनीय पिता **नारायणभक्त ह्योँग्वा**को दुःखद निधन भएको आज ४५ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**साथीहरू**

| | | |
|---|---|---|
| समिर कुस्मा | हिराकाजी मानन्धर | श्रीकृष्ण अवाल |
| सुरेन्द्र सुवाल | कृष्णसुन्दर दुवाल | संदिप खर्बुजा |

## भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले:

भूमिगत जलस्रोतको पुनर्भरणका लागिः
- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं।

दिगो विकासमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म
२०१०/०६/१३

निधन
२०८०/१२/१३

तुल्सीबहादुर प्रजापति

यस समूहका सदस्य तुल्सीराम प्रजापतिका पूजनीय पिता **तुल्सीबहादुर प्रजापति**को असामयिक र अत्यन्त दुःखद निधनप्रति हामी भावविह्वल भएका छौँ। आज **सातौं दिन** (न्हेनुमा) को पुण्यतिथिमा यस दुःखद घडीमा दिवङ्गत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ।

**लाँतले युवा समूह**
भक्तपुर नगरपालिका वडा नं. ८

## हार्दिक समवेदना



जन्म
२०१०/०६/१३

निधन
२०८०/१२/१३

यस संघका उपाध्यक्ष तुल्सीराम प्रजापतिका पूजनीय पिता **तुल्सीबहादुर प्रजापति**को असामयिक दुःखद निधन भएको आज **सातौं दिन**को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**नेपाल क्रान्तिकारी यातायात मजदुर संघ**
भ.न.पा-१०, कमलविनायक, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा